**मजदुर विज्ञापन शाखा**

नागांचा-१०, भक्तपुर, फोन नं. ९७४४४२४४६५

**विज्ञापनको लागि सूचना**

सम्पूर्ण ग्राहकवर्गले विज्ञापन दिने gmail id: majdurdaily@gmail.com उक्त gmail id change भई नयाँ gmail id र भाइबर नं. भएको जानकारी गराउँदै विभिन्न साइजको विज्ञापन दिनुपरेमा तलको उल्लेखित भाइबर नं.मा viber वा दिइएको gmail id मा मेल गरिदिनुहुन यो सूचना प्रकाशित गरिएको छ ।

भाइबर नं. : ९७४४४२४४६५

Gmail : majdurdailybigyapan@gmail.com

मजदुर The Worker Daily दैनिक



भ.पु.जि.प्र.का.द.नं. २६/२०५५/५६

भ.पु.जि.हु.का.द.नं. २/०७०/७१

# मजदुर

The Worker Daily दैनिक

Website : www.onlinemajdoor.com





विज्ञापनको निम्ति सम्पर्क

फोन नं ६६१९१०७ ६६२०५५९



★ वर्ष : २८ ★ अङ्क : ९५ ★ ने. सं. ११४६ वछला थ्व, द्वादशी ★ मङ्गलबार ★ १५ वैशाख, २०८३ ★ April 28, 2026, Tuesday ★ मूल्य रु. ५।– ★ पृष्ठ ८


# युद्धमा सहादत प्राप्त सैनिकका लागि प्रजग कोरियामा स्मृति सङ्ग्रहालय स्थापना




प्योङयाङ, २७ अप्रिल (केसीएनए) । रुस-युक्रेन युद्धमा आफ्ना सैनिकको संलग्नता थप प्रस्ट पार्दै प्रजग कोरियाले सहादत प्राप्त सैनिकहरूको सम्झनामा प्योङयाङमा स्मारक सङ्ग्रहालय स्थापना गरेको छ । दुई देशबिच बढ्दो सैन्य सहकार्यको सङ्केतको रूपमा आएको यो कदमले प्रजग कोरिया र रुसको सम्बन्ध अझ मजबुत बन्दै गएको देखाएको छ ।

प्रजग कोरियाको सरकारी समाचार एजेन्सी केसीएनएका अनुसार उक्त सङ्ग्रहालयको उद्घाटन आइतबार कुर्स्क क्षेत्रमा भएको सैन्य अभियानको अन्त्य भएको एक वर्ष पूरा भएको अवसरमा गरिएको हो । कार्यक्रममा नेता किम जोङ उनले रुसका उच्च अधिकारीहरूसँग सहभागिता जनाउनुभएको थियो, जसमा राज्य डुमाका सभामुख व्याचेस्लाभ भोलोडिन र रक्षामन्त्री आन्द्रेई बेलोसोभ पनि सहभागी हुनुहुन्थ्यो ।

नेता किमले युद्धमा मारिएका एक सैनिकको शवमा माटो चढाउँदै श्रद्धाञ्जली व्यक्त गर्नुभएको थियो । अन्य सैनिकहरूको सम्मानमा फूल अर्पण गरिएको थियो । त्यसपछि किम तथा रूसी अधिकारीहरूले अतिथि पुस्तिकामा सन्देश लेख्नुभएको थियो । आफ्नो सम्बोधनमा किमले ती सैनिकहरूको बलिदानलाई कोरियाली जनताको वीरताको प्रतीकका रूपमा चित्रण गर्दै यसलाई कोरिया-रुस मित्रताको प्रतीकात्मक उपलब्धि बताउनुभयो ।

अप्रिल २०२५ मा प्रजग कोरिया र रुसले संयुक्त रूपमा आफ्ना सैनिकहरूले रुसको कुर्स्क क्षेत्रमा युक्रेनी आक्रमण रोक्न सँगै लडेको सार्वजनिक गरेका थिए । यद्यपि, तैनाथ सैनिकहरूको आधिकारिक सङ्ख्या खुलाइएको छैन । दक्षिण कोरियाको गुप्तचर निकायले भने करिब १५ हजार प्रजग कोरियाली सैनिक पठाइएको र तीमध्ये झन्डै दुई हजार मारिएको अनुमान गरेको छ ।

रक्षामन्त्री बेलोसोभसँगको भेटमा किमले रुसको सुरक्षा नीतिप्रति पूर्ण समर्थन जनाउँदै आगामी वर्षहरूका लागि द्विपक्षीय सैन्य सहकार्य विस्तार गर्ने सङ्केत गर्नुभएको थियो । रूसी समाचार एजेन्सी तासका अनुसार दुवै पक्ष सन् २०२७ देखि २०३१ सम्मको सैन्य सहकार्य योजनामा हस्ताक्षर गर्न तयार रहेका छन् ।

समारोहमा वाचन गरिएको सन्देशमार्फत रुसी राष्ट्रपति भ्लादिमिर पुटिनले नयाँ सङ्ग्रहालयलाई दुई देशबिचको मित्रता र एकताको प्रतीकका रूपमा व्याख्या गर्नुभएको छ । उहाँले प्रजग कोरिया र रुसबिचको रणनीतिक साझेदारी अझ सुदृढ हुँदै जाने विश्वास

*बाँकी पृष्ठ २ मा*

# १३७ औँ अन्तर्राष्ट्रिय श्रमिक दिवसको अवसरमा प्रशिक्षण



भक्तपुर, १४ वैशाख । नेपाल क्रान्तिकारी किसान सङ्घ भक्तपुर नगर समितिको आयोजनामा १३७ औँ अन्तर्राष्ट्रिय श्रमिक दिवसको अवसरमा सोमबार प्रशिक्षण कार्यक्रम सम्पन्न भयो ।

उक्त प्रशिक्षण कार्यक्रममा नेपाल मजदुर किसान पार्टीका केन्द्रीय सदस्य एवम् वाग्मती प्रदेशसभा सदस्य सुरेन्द्रराज गोसाईले अन्तर्राष्ट्रिय श्रमिक दिवस मजदुरहरूको मात्र दिवस होइन सारा कामदारवर्गकै दिवस हो भन्नुभयो ।

उहाँले सन् १८८६ मई १ को दिन अमेरिकाको सिकागो सहरमा ८ घण्टा कामको ज्याला बढाउने माग राखी भएको मजदुरहरूको देशव्यापी आन्दोलनलाई सरकारले निर्मम रूपमा दमन गरेको र मजदुर नेताहरूलाई दिएको मृत्युदण्डको सजायविरुद्ध संसारमै मजदुरवर्ग उठी पुँजीवादी सरकारलाई ८ घण्टाको काम र ज्याला बढाउन बाध्य बनाएको स्मरण गर्नुभयो ।

उहाँले भन्नुभयो, "यही सङ्घर्षको फल संसारका मजदुरहरूले ८ घण्टा काम गर्ने, ८ घण्टा मनोरञ्जन गर्ने र ८ घण्टा आराम गर्ने अधिकार प्राप्त भएको हो ।"

उहाँले भन्नुभयो, "पुँजीपतिवर्गले कामदारवर्गलाई कहिल्यै हित गर्ने छैन । पुँजीवादी राज्य व्यवस्थामा कामदारवर्गको हितभन्दा पुँजीपतिवर्गकै हितमा ऐन-कानुन बनाइन्छ । पुँजीवाद शोषणमा आधारित व्यवस्था भएकोले बहुमत कामदारवर्गको हित हुने छैन । नामले कम्युनिस्ट भए पनि व्यवहारमा पुँजीपतिवर्गको सेवा गरेकोले देश र जनताको यो अवस्था भोग्न बाध्य भएको हो ।"

रास्वपाको सरकारले भ्रष्टाचारको अन्त्य गरी सुशासन कायम गर्ने भने पनि व्यवहारमा लागु गर्न नसकेको उल्लेख गर्दै उहाँले विगतको सरकारले झैँ विदेशी ऋणबाट देश चलाउने उद्देश्य लिई विदेशीहरूको इच्छाअनुसार देशको बहुमूल्य प्राकृतिक स्रोत साधन सुम्पेर देशघाती सन्धि सम्झौता गर्नु पुरानै सरकारको रोग हो भन्नुभयो ।

उहाँले यही सरकारको पालामा पेट्रोलियममा मूल्यवृद्धि, आधा सिलिन्डर ग्यास दिनु र बजार भाउ अत्यधिक बढेको उल्लेख गर्दै देश र जनता झन्झन् मारमा पर्दै छन् भन्नुभयो ।

नेपाल क्रान्तिकारी मजदुर सङ्घका प्रतिनिधि विक्रम ढुकुछुले अन्तर्राष्ट्रिय श्रमिक दिवसको महत्त्वबारे चर्चा गर्दै अमेरिकी साम्राज्यवादले तेल, ग्यास, बहुमूल्य प्राकृतिक स्रोत साधनहरू कब्जा गर्न युद्धको व्यापार गर्दै छ भन्नुभयो ।

उहाँले युक्रेन-रुस युद्ध, इजरायलमार्फत प्यालेस्टिनी जनताको नरसंहार, भेनेजुयलामाथिको डकैती शैलीको आक्रमण र अपहरण,

*बाँकी पृष्ठ २ मा*

**व्यङ्ग्यचित्र कुनो**




# पूर्वविशिष्ट पदाधिकारीले विदेशमा उपचार गर्दा सरकारबाट खर्च नपाउने सर्वोच्च अदालतको फैसला

काठमाडौँ, १४ वैशाख । सर्वोच्च अदालतले पूर्वराष्ट्रपति, पूर्वउपराष्ट्रपति, पूर्वप्रधानमन्त्री, पूर्वसभामुख र पूर्वप्रधानन्यायाधीशसहित पूर्वविशिष्ट पदाधिकारीले विदेशमा उपचार गर्दा सरकारबाट खर्च नपाउने फैसला गरेको छ ।

कायममुकायम प्रधानन्यायधीश सपना प्रधान मल्ल, न्यायधीशहरू कुमार रेग्मी, डा. मनोजकुमार शर्मा, शारङ्गा सुवेदी र अब्दुल अजीज मुसलमानको संवैधानिक इजालसले सोमबार यसअघि सुविधा पाउने गरी गरी भएको व्यवस्था खारेज हुने फैसला गरेको हो ।

सर्वोच्च अदालतका प्रवक्ता अर्जुनप्रसाद कोइरालाका अनुसार पूर्वपदाधिकारीहरूलाई विदेशमा उपचार गराउँदा लागेको खर्च सरकारले व्यहोर्ने नागरिक राहत क्षतिपूर्ति तथा आर्थिक सहायतासम्बन्धी (दोस्रो संशोधन) कार्यविधि २०७३ को दफा १२ (१) को व्यवस्था खारेज गरिएको हो ।

उक्त कार्यविधिमा पूर्वराष्ट्रपति, पूर्वउपराष्ट्रपति, पूर्वप्रधानमन्त्री, पूर्वसभामुख र पूर्वप्रधानन्यायाधीश, पूर्वउपसभामुख, पूर्वउपप्रधानमन्त्री, पूर्वमन्त्री, पूर्वराज्यमन्त्री, पूर्वसहायकमन्त्री, पूर्वसांसद, पूर्वसंवैधानिक निकायका पदाधिकारीको निश्चित सीमा तोकी विदेशमा गराएको उपचार खर्च सरकारले व्यहोर्ने व्यवस्था रहेको थियो ।

पूर्वविशिष्ट पदाधिकारीको उपचार खर्च कटौती गर्न माग गर्दै विसं २०७९ मा अधिवक्ता राधिका चम्लागाईं र भद्रप्रसाद नेपाल (स्वागत) ले रिट निवेदन दायर गर्नुभएको थियो । स्वदेशमा उपचार गर्दा भने सरकारले खर्च दिने व्यवस्था यथावत छ ।

# डिजिटल मार्केटिङ एन्ड एआई टुल्स तालिमको समापन समारोह सम्पन्न



भक्तपुर, १४ वैशाख । प्रगति सामुदायिक सिकाइ केन्द्र र भक्तपुर नगरपालिका वडा नं. ९ को संयुक्त आयोजनामा आठदिने डिजिटल मार्केटिङ एन्ड एआई टुल्स तालिम आइतबार सम्पन्न भयो ।

कार्यक्रममा भक्तपुर नगरपालिका वडा नं. ९ का वडाध्यक्ष रवीन्द्र ज्याख्वले प्रविधिको प्रयोगतर्फ विद्यार्थीहरूको ध्यानाकर्षण गराउँदै प्रविधिको प्रयोग गर्दा देशको सार्वभौमिकताको ख्याल राख्नुपर्ने कुरा उल्लेख गर्नुभयो ।

भारतमा भएको मुम्बई बम विस्फोटका योजनाकारलाई समात्ने प्रयास असफल हुनुको कारण प्रहरी मुख्यालय ( Raw शाखा) र प्रादेशिक प्रहरी बलबिचको कमजोर सञ्चार भएको उदाहरण दिँदै उहाँले विद्यार्थीहरूबिच राम्रो सञ्चार र समन्वय हुनुपर्नेमा जोड दिनुभयो ।

उहाँले वडा कार्यालय तथा नगरपालिकाबाट विद्यार्थीहरूले लिनुपर्ने सेवाको जानकारी दिँदै विद्यार्थीहरू निरन्तर सम्पर्कमा रहनुपर्नेमा जोड दिनुभयो । विद्यार्थी भाइबहिनीहरूले आफैले पनि आवश्यक तालिम तथा कार्यशालाहरू सञ्चालन गर्न सक्ने आत्मविश्वास राख्नुपर्ने कुरा उल्लेख गर्दै उहाँले यस्ता कार्यक्रमहरू गर्न सहयोग र साथ दिन सधैं तयार रहने प्रतिबद्धता व्यक्त गर्नुभयो ।

२०८२ सालको एसईई परीक्षा दिएर बसेका विद्यार्थीहरूलाई लक्षित उक्त कार्यक्रममा सबैलाई स्वागत गर्दै प्रगति सामुदायिक सिकाइ केन्द्रका अध्यक्ष रवीन्द्र कुसीले यस्ता कार्यक्रमहरू निरन्तर सञ्चालन गर्ने प्रतिबद्धता व्यक्त गर्नुभयो ।

कार्यक्रममा सहभागी प्रशिक्षार्थीहरूमध्ये रोझुल ह्योङ्गो र आरुश मानन्धरले आफ्ना अनुभवहरू साझा गर्नुभएको थियो ।

प्रशिक्षक रमेश प्रजापति र अनिल पाउँले विद्यार्थीहरूको मेहनतको प्रशंसा गर्दै अझै निरन्तरता र स्थिरताका साथ सिकाइलाई अघि बढाउनुपर्नेमा जोड दिनुभयो ।

आयोजक समितिको तर्फबाट भक्तपुर नगरपालिका वडा नं. ९ का वडा सदस्य छोरीमैँया सुजखुको सभापतित्वमा सम्पन्न उक्त कार्यक्रममा नेपाल क्रान्तिकारी विद्यार्थी सङ्घ वडा नं. ९ समितिका अध्यक्ष राज प्रजापतिले पनि बोल्नुभएको थियो ।

# शिक्षामन्त्री पोखरेलसँग चिनियाँ राजदूतको शिष्टाचार भेटवार्ता

काठमाडौँ, १४ वैशाख । शिक्षा, विज्ञान तथा प्रविधिमन्त्री सस्मित पोखरेलसँग नेपालका लागि चिनियाँ राजदूत चाङ माओमिङले शिष्टाचार भेटवार्ता गर्नुभएको छ ।

सिंहदरबारस्थित मन्त्रालयमा सोमबार भएको भेटमा नेपालको शिक्षा, विज्ञान तथा प्रविधि र खेलकुदसहितको क्षेत्रमा चीन सरकारको सहयोग र सहकार्यबारे कुराकानी भएको थियो ।

विशेषगरी विद्यालयको पूर्वाधार, पठनपाठनमा 'डिजिटल' प्रणालीलगायत संस्थागत विकास एवं समसामयिक विषयमा कुराकानी भएको थियो । साथै, उहाँहरूबिच नेपाल-चीनबिचको ऐतिहासिक द्विपक्षीय सम्बन्ध, सहयोग र आपसी सहकार्यमा केन्द्रित रहेर छलफल भएको छ ।

नेपाल सरकारका प्रवक्तासमेत रहनुभएका शिक्षामन्त्री पोखरेलले विद्यालयको पूर्वाधार विकास, पठनपाठनमा डिजिटल प्रणालीको संस्थागत विकासका साथै चिनियाँ सरकारसँगको साझेदारी र सहकार्य वृद्धि भएको हेर्न चाहेको बताउनुभएको थियो ।

उहाँले शिक्षा क्षेत्रमा सञ्चालित परियोजना चाँडो सम्पन्न गर्न तथा नेपाली युवाहरूको रुचि अनुसारको चीन सरकारबाट प्राप्त हुने छात्रवृत्ति प्रवर्द्धन गर्ने सम्बन्धमा पनि चीन सरकारको ध्यानाकर्षण गराउनुभएको थियो ।

चिनियाँ राजदूत माओमिङले नेपाल सरकारका तर्फबाट राखिएका विषयमा चीन सरकार साझेदारी र सहकार्यका लागि इच्छुक रहेको बताउनुभयो ।

सो भेटमा दुई देशबिचको आपसी हित र बहुआयामिक सम्बन्धलाई थप प्रगाढ बनाएर जाने विषयमा समझदारी बनेको छ । *(रासस)*

# HSK-२ परीक्षामा ख्वप कलेजको शतप्रतिशत नतिजा

भक्तपुर, १४ वैशाख । ख्वप कलेजका विद्यार्थीहरूले चिनियाँ भाषा दक्षता परीक्षा (HSK-२) मा शतप्रतिशत नतिजा हासिल गरेका छन् । परीक्षामा सहभागी सबै विद्यार्थी उत्तीर्ण भएका छन् ।

नतिजाअनुसार खुसी निरौला र क्रिमसन महाराले समान २००/२०० अङ्क ल्याउँदै संयुक्त रूपमा प्रथम स्थान हासिल गर्नुभएको छ । त्यस्तै रश्मि त्वानाबासुले १९६ सहित तेस्रो स्थान प्राप्त गर्नुभएको छ ।

विद्यार्थीहरूको निरन्तर मेहनत, शिक्षकहरूको मार्गदर्शन तथा अभिभावकको सहयोगका कारण यस्तो उपलब्धि सम्भव भएको ख्वप कलेजका चिनियाँ भाषा शिक्षक प्रणय चित्रकारले बताउनुभयो । उहाँले विद्यार्थीहरूले काठमाडौँ विश्वविद्यालयस्थित कन्फ्युसियस इन्स्टिच्युट (Confucius Institute at Kathmandu University – CIKU) लाई धन्यवाद गर्नुभएको छ ।

# आगामी दस वर्षमा चौबीस हजार पाँच सय मेगावाट विद्युत् उत्पादन गरिने

***- रमेश लम्साल***

काठमाडौँ, १४ वैशाख । सरकारले आर्थिक वर्ष २०९२/९३ सम्ममा सरकारी, सार्वजनिक र निजी क्षेत्रको समेत लगानीमा कुल २४ हजार ५०० मेगावाट विद्युत् उत्पादन गर्ने लक्ष्यसहितको 'ऊर्जा खपत वृद्धि तथा निर्यात रणनीति, २०८३' सार्वजनिक गरेको छ ।

सो रणनीतिमा यसअघि प्रस्ताव गरिएका, अध्ययन भएका, निर्माणमा रहेका र निर्माणमा जान तयार अवस्थामा रहेका आयोजना रहेका छन् । जलाशय र अर्धजलाशय प्रकृतिका आयोजनाका अलावा सौर्य ऊर्जा परियोजनालाई पनि रणनीतिमा समावेश गरिएको छ । रणनीतिमा बहुचर्चित बुढीगण्डकी जलाशययुक्त आयोजना २०८१ सालसम्म निर्माण सम्पन्न गर्ने लक्ष्य राखिएको छ । कुल एक हजार २०० मेगावाट क्षमताको सो आयोजना निर्माणको तयारीमा छ । लगानी ढाँचा तय भएको तर कार्यान्वयनमा भने गइनसकेको सो आयोजनालाई सरकारले प्राथमिकतामा राखेको छ ।

रणनीतिमा समावेश गरिएको कार्ययोजनामा निकट भविष्यमा नै रघुगङ्गा जलविद्युत् आयोजना सम्पन्न हुने उल्लेख छ । कुल ४० मेगावाट क्षमताको सो आयोजना निर्माणको अन्तिम चरणमा छ । यसैगरी, १४० मेगावाट क्षमताको तनहुँ जलविद्युत् आयोजना आव २०८५/८६ सम्म निर्माण सम्पन्न हुने जनाइएको छ ।

रणनीतिमा प्रस्ताव गरिएअनुसार ४२ मेगावाट क्षमताको माथिल्लो मोदी ए, १८ दशमलव दुई मेगावाट क्षमताको माथिल्लो मोदी, ३७ मेगावाट क्षमताको माथिल्लो त्रिशूली ३ बी सम्पन्न हुने लक्ष्य राखिएको छ । निर्माणको तयारीमा रहेको दूधकोशी जलाशययुक्त आयोजना २०९१ सालसम्ममा निर्माण सम्पन्न गर्ने लक्ष्य राखिएको छ । सो आयोजनाको क्षमता ६७० मेगावाट रहेको छ ।

एक हजार ६१ मेगावाट क्षमताको माथिल्लो अरुण, ४१७ मेगावाट क्षमताको नलगाड पनि सोही वर्ष सम्पन्न गर्ने कार्ययोजनामा समावेश छ । यस्तै, ४९० मेगावाट क्षमताको अरुण चौथो, ४३९ मेगावाट क्षमताको बेतन कर्णाली जलविद्युत् आयोजना विसं २०९० सम्म निर्माण सम्पन्न हुनेछ ।

त्यसैगरी, २१० मेगावाटको चैनपुर सेती २०८७ सालसम्म सम्पन्न गर्ने सरकारको लक्ष्य छ । कुल ९९ मेगावाट क्षमताको तामाकोशी पाँचौँ, २८१ मेगावाट क्षमताको नौमुरे, ८२८ मेगावाट क्षमताको उत्तरगङ्गा जलविद्युत् आयोजनालाई पनि विशेष प्राथमिकतामा राखिएको छ । उत्तरगङ्गा जलविद्युत् आयोजना २०९२ सालसम्ममा सम्पन्न गर्ने लक्ष्य राखिएको छ ।

नेपाल विद्युत् प्राधिकरणले प्रवर्द्धन गर्ने एक हजार मेगावाट क्षमताको सौर्य परियोजना भने २०८५ सालसम्ममा सम्पन्न हुनेछन् । निजी क्षेत्रका प्रवर्द्धकले लगानी एवं उत्पादन गर्ने सौर्य परियोजना प्रतिस्पर्धाका आधारमा छनोट गरी अगाडि बढाइएको छ । ऊर्जा मिश्रणको अवधारणा कार्यान्वयनका लागि सौर्यका आयोजना प्रस्ताव गरिएको छ ।

त्यसैगरी, सरकारी कम्पनी र प्राधिकरण तथा अन्य सहायक कम्पनीले प्रवर्द्धन गर्ने तीन हजार ५०० मेगावाट क्षमताका आयोजनाहरू पनि २०९२ सालसम्ममा सम्पन्न हुनेछन् । स्वतन्त्र ऊर्जा उत्पादकहरूको संस्था नेपाल ( इप्पान)ले प्रवर्द्धन गर्ने सौर्य तथा निर्यात केन्द्रित आयोजनाहरू पनि सोही वर्षसम्म सम्पन्न हुनेछन् । ती आयोजनाको क्षमता १४ हजार मेगावाट बराबर रहेको छ ।

उपभोक्तालाई गुणस्तरीय विद्युत् उपलब्ध गराउने, व्यापार विस्तार गर्ने एवं निर्यातसमेत प्रवर्द्धन गर्ने लक्ष्यका साथ सरकारले रणनीति सार्वजनिक गरेको छ । रणनीतिमा १४ वटा आन्तरिक प्रसारण लाइन र १० वटा अन्तरदेशीय प्रसारण लाइन निर्माण गर्ने लक्ष्य छ । भूमिगत वितरण प्रणाली विसं २०८५ सम्म सम्पन्न हुनेछन् ।

घरायसी रूपमा विद्युतीय चुलोको विस्तार गर्दै अनुदान प्रदान गर्ने, देशभर चार्जिङ स्टेशनको विस्तार गरी यातायात क्षेत्रलाई विद्युतीय बनाउने, कोइला बोयलरलाई विद्युतीय बोयलरमा रूपान्तरण गर्ने लक्ष्य राखिएको छ । कृषि क्षेत्रलाई आधुनिक बनाउने लक्ष्यका साथ विद्युतीय महसुलमा सहुलियत दिने र शतप्रतिशत विद्युतीय सिँचाइ पम्पमा रूपान्तरण गरिनेछ । रासायनिक मल र डेटा सेन्टर स्थापनालगायतका ऊर्जा सघन उद्योग सञ्चालनका लागि विशेष विद्युत् महसुल निर्धारण गर्ने सरकारको योजना छ । *(रासस)*

# सुकुमवासी बस्तीका विद्यार्थीको सुरक्षा र समन्वयबारे ६ बुँदे सर्कुलर

काठमाडौँ, १४ वैशाख । शिक्षा, विज्ञान तथा प्रविधि मन्त्री सस्मित पोखरेलले सुकुम्वासी बस्ती स्थानान्तरण हुँदा मर्कामा परेका विद्यार्थीहरूको सुरक्षा र सहजीकरणबारे ६ बुँदे सर्कुलर जारी गरेका छन् ।

मन्त्री पोखरेलको निर्देशनपछि मन्त्रालय अन्तर्गतको शिक्षा तथा मानव स्रोत विकास केन्द्रले अव्यवस्थित बस्ती स्थानान्तरण हुँदा त्यहाँ विद्यार्थीको परीक्षा व्यवस्थापन, प्रभावित बस्तीमै रहेका विद्यालय समायोजन तथा समन्वयलाई प्रभावकारी बनाउन विभिन्न निर्देशन तथा अनुरोध जारी गरेको हो ।

केन्द्रले सुकुम्बासी बस्ती हटाउँदा प्रभावित विद्यार्थीहरूलाई पायक पर्ने विद्यालयमा स्थानान्तरण गर्न सहजीकरण सबै स्थानीय तहलाई अनुरोध गरेको छ ।

खासगरी सोमबारदेखि सुरु भएको कक्षा १२ को परीक्षामा सहभागी हुने परीक्षार्थीहरूलाई परीक्षा केन्द्रसम्म जान आवश्यक सहजीकरण गर्न र विद्यालय नै प्रभावित भएको ठाउँमा वैकल्पिक व्यवस्था गर्न गराउन अनुरोध गरेको छ ।

सुकुम्बासी बस्तीका विद्यार्थी तथा विद्यालयसँग सम्बन्धित अन्य कुनै गुनासो, समस्या या सुझाव भए पनि केन्द्रमा पठाउन स्थानीय तहहरूलाई मन्त्रालयले अनुरोध गरेको छ ।

# सूर्यविनायकमा भूमिसम्बन्धी बैठक

भक्तपुर, १४ वैशाख । सूर्यविनायक नगरपालिकामा भूमि समस्या समाधान आयोग नगरस्तरीय सहजीकरण समितिको बैठक राजनीतिक दलका प्रतिनिधि र कार्यपालिकाका सदस्यहरूको संयुक्त बैठक सोमबार सम्पन्न भयो ।

बैठकमा भूमि व्यवस्थापन समितिको तर्फबाट सूर्यविनायक नगरपालिकामा ५३ जनाले अनलाइनमार्फत नाम दर्ता गरेको जानकारी गरियो ।

बैठकमा नेपाल मजदुर किसान पार्टीका सूर्यभक्त त्वातीले जुन जिल्ला-ठाउँबाट आएका हुन छानबिन गरी त्यही जिल्लामा व्यवस्थापन गर्नुपर्ने सुझाव दिनुभयो ।

# त्रिविको जग्गा पनि सुकुमवासीको कब्जामा !

काठमाडौँ । त्रिभुवन विश्वविद्यालय (त्रिवि) को रहेको जग्गामा विभिन्न सङ्घ-संस्था मात्र नभई सुकुमवासीहरूले कब्जा गरेको पाइएको छ ।

त्रिविको 'जग्गा तथा अचल सम्पत्ति छानबिन समिति' ले तयार पारेको प्रतिवेदनअनुसार कीर्तिपुर परिसरभित्र वाग्मती नदी किनारमा रहेको जग्गामा सुकुमवासीले अनधिकृत रूपमा बसोबास र अतिक्रमण गरेको उल्लेख छ ।

अतिक्रमणको अवस्था भयावह देखिए पनि समितिले आवश्यक सत्य तथ्य सूचना, विवरण र कागजातहरू प्राप्त गर्न नसकेको जनाएको छ ।

समय अभाव र असहयोगको कारण कति जग्गा अतिक्रमण भएको हो भन्नेबारे अन्तिम निष्कर्षमा पुग्न कठिन भएको प्रतिवेदनमा उल्लेख छ ।

यस विषयमा गम्भीर छानबिन आवश्यक रहेको भन्दै समितिले छुट्टै अधिकार सम्पन्न निकायबाट थप अनुसन्धान गर्न सरकार र विश्वविद्यालय प्रशासनलाई सिफारिस गरेको छ ।

***१३७ औं...***

क्युवामाथिको नाकाबन्दी, उत्तर कोरियामाथिको नाकाबन्दी, चीनमाथिको व्यापार युद्ध, इरानमाथिको आक्रमणले ट्रम्प सरकारविरुद्ध न्यायप्रेमी विश्वका जनता एकताबद्ध भई विश्व शान्तिको निम्ति सङ्घर्षरत भएको बताउनुभयो ।

नेपाल क्रान्तिकारी किसान सङ्घ भक्तपुर नगर समितिका अध्यक्ष गंगाराम ज्याख्वको सभापतित्वमा भएको उक्त कार्यक्रममा नगर समितिका सदस्यहरू आर. प्रजापति, राजाराम गोसाई र पूर्णगोपाल राजचलले पनि अन्तर्राष्ट्रिय श्रमिक दिवसको महत्त्वबारे प्रकाश पार्नुभयो ।

***युद्धमा...***

व्यक्त गर्नुभएको छ । रुसले प्रजग कोरियालाई आणविक र मिसाइल प्रविधि हस्तान्तरण गर्नसक्ने सम्भावनाका कारण यसले दक्षिण कोरिया, अमेरिका र उनका सहयोगीहरूमा चिन्ता बढाएको छ ।

विज्ञहरूका अनुसार सुरुमा प्रजग कोरियाली सैनिकहरू युद्ध अनुभवको अभाव र अपरिचित भूभागका कारण कमजोर साबित भएका थिए । तर, पछिल्लो समय उनीहरूले युद्ध अनुभव हासिल गर्दै गएको र कुर्स्क क्षेत्रमा ठुलो सङ्ख्यामा सैनिक परिचालन गरेर रुसको रणनीतिमा महत्त्वपूर्ण भूमिका खेलेको आकलन गरिएको छ ।

## सङ्क्षिप्त समाचार

# ‘खोज र खोप’ अभियान

काठमाडौँ, १४ वैशाख । सरकारले वैशाख महिनाभर खोप लगाउन छुटेका बालबालिकालाई ‘खोज र खोप’ अभियान सञ्चालन गरेको छ ।

सरकारले नियमित खोप लगाउन छुटेका पाँच वर्षमुनिका बालबालिकालाई खोप लगाउनका लागि ‘खोज र खोप’ अभियान सञ्चालन गरेको स्वास्थ्य सेवा विभागको खोप तथा बाल स्वास्थ्य शाखाले जनाएको छ ।

खोज र खोप अभियानमा १५ महिनामा लगाउनुपर्ने नियमित खोप लगाउन छुटेका पाँच वर्षदेखि मुनिका बालबालिकालाई १३ प्रकारका रोगविरुद्ध नौ प्रकारका खोप दिइने छ ।

सरकारले गत मङ्सिर र पुस महिनामा खोप लगाउन बाँकी रहेका बालबालिकाको तथ्याङ्क सङ्कलन गरेको छ । नेपालमा अहिले पनि ९० प्रतिशत बालबालिकाले पूर्ण मात्रा र १० प्रतिशत बालबालिकाले सबै खोप नलगाएको र एक प्रतिशत बालबालिकाले कुनै पनि खोप लगाएका छैनन् ।

सरकारले रोग, अपाङ्गता र मृत्युबाट बचाउनका लागि जन्मेदेखि पाँच वर्षसम्मका उमेरका बाललालिकालाई ती खोप लगाउने गरिन्छ । विश्व स्वास्थ्य सङ्गठनको तथ्याङ्कअनुसार खोपको प्रभावकारिताको कारणले नेपालमा सन् १९९६ देखि सन् २०२३ सम्ममा पाँच वर्षमुनिका बालबालिकाको मृत्युदर ११८ प्रतिहजार जीवित जन्मबाट २६.५ प्रतिहजार जीवित जन्ममा घटाउन सफल भएको छ ।

केही जिल्लामा खोप छुट बच्चाको सङ्ख्या बढ्न गई दादुरा रुबेलाको महामारी देखापरेकाले मन्त्रालयले बालबालिका छुटेको खोप दिन थालेको हो । ***(रासस)***

# ट्रेड युनियन अधिकार कटौती नगर्न आग्रह

काठमाडौँ, १४ वैशाख । निजामती क्षेत्रमा क्रियाशील विभिन्न ट्रेड युनियनले सङ्घीय निजामती विधेयकमा ट्रेड युनियन अधिकार कटौती नगर्न आग्रह गरेका छन् ।

नेपालको संविधान र अन्तर्राष्ट्रिय श्रम सङ्गठनमा नेपाल पक्ष राष्ट्र भएर हस्ताक्षर र अनुमोदन गरेका अभिसन्धिअनुसार सबै पेसाकर्मीले सङ्गठित हुने र रोजेको सङ्गठनको सदस्य हुन पाउनेगरी पूर्ण ट्रेड युनियन अधिकार सुनिश्चित गर्न उनीहरूले माग गरेका हुन् ।

उनीहरूले संयुक्त विज्ञप्तिमार्फत सार्वजनिक सेवामा कार्यरत कर्मचारीको हकहित संरक्षण, सहभागिता र सामूहिक सौदाबाजीको अधिकारलाई कानुनी रूपमा मजबुत बनाउनसमेत आग्रह गरेका छन् ।

सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले यही वैशाख ११ गते शुक्रबार सङ्घीय निजामती सेवाको गठन, सञ्चालन र सेवाका शर्त सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयकको मस्यौदामा विधायन ऐन, २०८१ बमोजिम आवश्यक सुझावका लागि सार्वजनिक गरेको छ ।

संयुक्त रूपमा माग गर्नेहरूमा नेपाल निजामती कर्मचारी सङ्गठन, नेपाल निजामती कर्मचारी युनियन, नेपाल राष्ट्रिय निजामती कर्मचारी सङ्गठन, एकीकृत सरकारी कर्मचारी सङ्गठन, नेपाल मधेसी निजामती कर्मचारी मञ्च र स्वतन्त्र राष्ट्रसेवक कर्मचारी सङ्गठन रहेका छन् । ***(रासस)***



काभ्रेपलाञ्चोकको धुलिखेल नगरपालिका-१० शारदा बतासेका किसानले खेतमा लगाएको आलुबालीमा शनिबार दिउँसो परेको असिना पानीका कारण सुडीखोलामा आएको बाढी पसेर पुऱ्याएको क्षति । खन्ने बेला भएको आलुबालीमा खोलामा आएको बाढी पसेर क्षति भएपछि किसान चिन्तित बनेका छन् ।

*तस्बिरः युद्धकुमारी खड्का/रास*

# नौ महिनामा रु. ६ अर्ब ४२ करोड राजस्व सङ्कलन

धुञ्चे, १४ वैशाख । उत्तरी नाका रसुवागढीबाट चालु आर्थिक वर्षको नौ महिनामा रु. ३१ अर्ब ३० करोड बराबरका वस्तु भित्रिएको छ ।

नेपाल-चीन व्यापारको महत्त्वपूर्ण नाकाका रूपमा रसुवागढी रहेको छ । रसुवा भन्सार कार्यालय टिमुरेका प्रमुख भन्सार अधिकृत तुलसीप्रसाद भट्टराईका अनुसार आयातित सामग्रीको मूल्याङ्कनबाट नौ महिनाको अवधिमा रु. छ अर्ब ४२ करोड राजस्व सङ्कलन भएको हो । कठिन भौगोलिक अवस्था र पटक-पटक आउने प्राकृतिक अवरोधबिच पनि नाकाबाट व्यापार सञ्चालन भइरहेको उहाँले जानकारी दिनुभयो ।

नाकाबाट आयात हुने सामग्रीमा रोलकपडा, तयारी पोसाक, विद्युतीय इभी गाडी, जलविद्युत् तथा पूर्वाधार विकास आयोजनाका निर्माण सामग्री, स्याउ, लसुन, औद्योगिक कच्चापदार्थ, उद्योग तथा मिलका मेसिनरी सामग्री र नेपाली सेनाले निर्माण गरिरहेको ‘फास्ट ट्र्याक’ आयोजनाका उपकरण प्रमुख रहेका छन् ।

नेपालबाट चीनतर्फ भने हस्तकलाका सामग्री, परम्परागत नेपाली कपडा, बाँसका मुढा, तिब्बत क्षेत्रमा चौँरीलाई खुवाइने ‘प्याकिङ’ गरिएको सुक्खा घाँस, चाउचाउ तथा बिस्कुट गरी करिब रु. ६५ करोड बराबरका वस्तु निर्यात भएका छन् । सीमित उत्पादन क्षमताका बाबजुद नेपाली वस्तुको निर्यात क्रम विस्तार हुँदै गएको भन्सार कार्यालयले जनाएको छ ।

गत असार २४ गते ल्हेन्देखोलामा आएको भीषण बाढीले मितेरी पुल बगाएपछि केही समय व्यापार पूर्ण रूपमा प्रभावित भएको थियो । पुल पुनःनिर्माण ढिलो सम्पन्न हुँदा गत पुस १७ गतेदेखिमात्रै सामग्रीको आयात-निर्यात भई पुनः नियमित रूपमा सञ्चालन हुन थालेको भन्सार कार्यालयले जनाएको छ ।

ऐतिहासिक रूपमा भृकुटी र श्रङ्चङ गम्पोबिचको वैवाहिक सम्बन्धपछि नेपाल र तिब्बतबिच व्यापारिक सम्बन्ध विस्तार भएको मानिन्छ । यही ऐतिहासिक व्यापार मार्ग आधुनिक स्वरूपमा विकास हुँदै सोमबार रसुवागढी नेपालको प्रमुख उत्तरी व्यापारिक प्रवेशद्वार बनेको छ ।

चीन सरकारले २०७२ मङ्सिर १५ गतेदेखि रसुवागढी नाकालाई पूर्ण मान्यता दिएपछि व्यापारिक गतिविधि थप बढेको थियो । छोटो दूरी, सहज पहुँच र अन्तर्राष्ट्रिय व्यापारको सम्भावनाका कारण अधिकांश व्यवसायी रसुवागढी नाकातर्फ आकर्षित भइसकेको जनाउँदै गोसाइँकुण्ड गाउँपालिका-२ का वडाध्यक्ष कामीछिरिङ तामाङले नेपालको सबैभन्दा सहज उत्तरी व्यापार मार्ग भएकाले यस नाकाको उपयोग बढाउन आग्रह गरिएको बताउनु भयो ।

सानो आकारको सडक रसुवागढी क्षेत्र बारम्बार बाढी, पहिरो तथा सडक स्तरोन्नति कार्यका कारण प्रभावित हुँदै आएको छ । व्यवसायीहरूले सडक पूर्ण रूपमा बन्द नगरी समय तालिका मिलाएर सडक मर्मत र व्यापार दुवै कार्य एकसाथ सञ्चालन पार्न माग गरेका छन् ।

बाढीको असरले भन्सार याडमा सामान जाँचपास गर्ने मुख्य स्थान बालुवा खोलाको किनारमा रहेको छ । दिनभरि चिसो हावा र धुलोबिच कर्मचारीले निरन्तर काम गर्नुपर्ने अवस्था रहेको छ । पर्याप्त संरचना, सुरक्षित भवन तथा कार्य वातावरणको अभावले कर्मचारी कठिन परिस्थितिमा सेवा दिन बाध्य रहेको गुनासो कर्मचारीहरू बताउँछन् ।

कर्मचारीले आधुनिक गोदाम, सुरक्षित जाँचपास स्थल, स्वास्थ्य सुरक्षाका सामग्री तथा विश्रामकक्षको व्यवस्था गर्न सरकारसँग माग गरेका छन् । हिमाली क्षेत्रको कठोर मौसममा कार्यरत कर्मचारीको मनोबल र सेवा प्रभावकारिता बढाउन कार्यस्थल सुधार आवश्यक देखिएको गोसाइँकुण्ड-२ का वडाध्यक्ष तामाङको भनाइ थियो । ***(रासस)***

# अस्पतालहरूको सेवाको गुणस्तर सुधार गर्न निर्देशन

चितवन, १४ वैशाख । जिल्लाका सरकारी, निजी अस्पताल र स्वास्थ्य संस्थाका व्यवस्थापक एवं सञ्चालकसंगको बैठकमा प्रमुख जिल्ला अधिकारी गणेश अर्यालले सुधार गर्न निर्देशन दिनुभएको छ ।

स्वास्थ्य संस्थामा आएका बिरामीहरूलाई चिकित्सकहरूले संवेदनशील व्यवहार र अस्पतालको विधिभित्र रहेर काम गर्न पनि उहाँले निर्देशन दिनुभयो । चिकित्सकहरूको व्यवहार राम्रो नभएको, डायलासिस लगायतका सेवा दर्ता नगरी दिएको, एम्बुलेन्सहरूले बिरामी ल्याएबापत कमिसन दिने गरेको, अस्पतालजन्य फोहोर व्यवस्थित नगरिएको उहाँको भनाइ थियो ।

उहाँले भन्नुभयो, “बिरामीको मृत्यु हुँदा आँसु झार्नु भनेको होइन, तर चिकित्सक संवेदनशील हुनै पर्छ ।” अस्पतालहरूले बीमा र नगदका बिरामीलाई फरक व्यवहार गरेको, अनावश्यक परीक्षणहरू गर्ने गरेको, विपन्नको उपचार प्रबन्ध राम्रो नभएको, ज्येष्ठ नागरिकले छुट नपाएको उहाँले बताउनुभयो । कर्मचारीले तोके अनुसारको सुविधा नपाएको, सरकारी अस्पतालको टोकन प्रणाली राम्रो नभएको, बहिरङ्ग सेवामा जनशक्तिको व्यवस्थापन राम्रो नभएको, आन्तरिक र बाह्य ‘रिफरल’को राम्रो व्यवस्थापन भएको उहाँले बताउनुभयो ।

अस्पतालहरूको सेवाको गुणस्तर राम्रो नभएको भन्दै उहाँले भन्नुभयो, “गुणस्तरका व्यवहार र शैली परिवर्तन गर्नुपर्छ ।” जिल्ला प्रशासन कार्यालय चितवन र जनस्वास्थ्य कार्यालयले यहाँ आयोजना गरेको ‘जिल्लामा नागरिक स्वास्थ्य सेवा विषयक परामर्श’ उहाँले अस्पतालका व्यवस्थापक र सञ्चालकहरूको कुरा सुनेपछि निर्देशन दिनुभएको हो ।

कार्यक्रममा भरतपुर अस्पतालका मेडिकल सुपरिटेन्डेन्ट डा. विश्वबन्धु बगालेले अस्पतालका समस्याहरू, कमजोरीहरू र अब सुधार्नुपर्ने विषयमा प्रस्तुति दिनुभएको थियो । पछिल्लो समय अस्पतालमा बहिरङ्ग सेवामा व्यापक सुधार गरिएको भन्दै उहाँले विगतमा बिरामीले चिकित्सक खोज्नुपर्ने अवस्था रहेकामा अहिले चिकित्सकले अस्पतालमा बिरामी खोज्ने गरेको बताउनुभयो ।

बिपी कोइराला मेमोरियल क्यान्सर अस्पतालका कार्यकारी निर्देशक डा. शिवजी पौडेलले अस्पतालमा धेरै सुधार भएको भन्दै तथ्याङ्कले त्यो कुरा पुष्टि गर्ने बताउनुभयो । उहाँले अझै धेरै सुधार गर्नुपर्ने भन्दै सरकारले दिनुपर्ने विपन्न र बीमाको भुक्तानी समयमा दिएमा अस्पताल सुधार गर्न सहज हुने बताउनुभयो ।

जनस्वास्थ्य कार्यालय चितवनका प्रमुख निर्मल घिमिरेले ऐनका बारेमा जानकारी गराउँदै तत्अनुसार काम हुन नसकेको बताउनुभयो ।

निजी अस्पताल समन्वय समितिका अध्यक्ष विक्रम अधिकारीले निजी क्षेत्रले स्वास्थ्य ठुलो लगानी गरेको भए पनि राज्यका तर्फबाट सम्बोधन गर्नुपर्नेमा ध्यान नदिइएको बताउनुभयो ।

कार्यक्रममा निजी अस्पताल र क्लिनिकहरूका सञ्चालकहरूले आफ्ना गुनासाहरू राखेका थिए । यस्तै यातायात व्यवसायीहरूले स्वास्थ्य क्षेत्र सुधारका लागि गर्नुपर्ने सुझाव दिएका थिए । ***(रासस)***

# मुस्ताङमा यार्सा सङ्कलन सुरु

मुस्ताङ, १४ वैशाख । मुस्ताङका विभिन्न स्थानमा यार्सागुम्बा सङ्कलन सुरु भएको छ । यहाँको तल्लो क्षेत्र थासाङ गाउँपालिकाअन्तर्गत कुञ्जो, कोवाङ र टुकुचे संरक्षण क्षेत्र व्यवस्थापन समितिअन्तर्गतका उच्च लेकमा यार्सागुम्बा सङ्कलन सुरु भएको हो ।

यार्सागुम्बा समून्द्री सहतको तीन हजारदेखि छ हजार मिटरको उचाइमा पाइने जडीबुटी हो । यहाँका बारागुङ मुक्तिक्षेत्र, घरपझोङ र थासाङ गाउँपालिकाका आधा दर्जनभन्दा बढी स्थानमा हरेक वर्ष वैशाखदेखि असार मसान्तसम्म यार्सा सङ्कलन हुन्छ । यार्सा सङ्कलनका लागि जिल्लाका स्थानीय, जिल्लामा अस्थायी बसोबास गरेका व्यक्ति र जिल्ला बाहिरबाट उल्लेख्य व्यक्तिहरू लेक पुग्छन् ।

अन्नपूर्ण संरक्षण क्षेत्र आयोजना ( एक्याप) अन्तर्गतका संरक्षण क्षेत्र व्यवस्थापन समिति (सीएमसी)हरूले शुल्क लिएर यार्सागुम्बा सङ्कलनका लागि अनुमति दिने गरेको एक्याप जोमसोमका प्राकृतिक स्रोत सरक्षण सहायक दीपक ओलीले जानकारी दिनुभयो । कार्यालयहरूले यार्सा सङ्कलनको अवधिभर कार्यविधि र मापदण्ड निर्धारण गर्छ । सङ्कलनका क्रममा हुनसक्ने जोखिम, चोरी शिकारी, वन डढेलो, अवाञ्छित र अपराधजन्य घटना रोकथाम गर्ने सर्त उल्लेख गरी अनुमति दिने चलन छ ।

थासाङ गाउँपालिकाको कोवाङ सीएमसीले सर्वसाधारण नागरिकलाई यार्सा सङ्कलन पूर्जी वितरण गरेको समितिका अध्यक्ष जीवन थकालीले जानकारी दिनुभयो । उहाँका अनुसार स्थानीयलाई रु. तीन हजार ५०० र जिल्ला बाहिरबाट आउनेलाई रु. सात हजार शुल्क उठाउने गरिएको छ । कोवाङ समितिले मुलिखर्क, मुली, पड्के, ठुलो सरे र सानुसरेलगायतका लेकमा यार्सा सङ्कलन फुकुवा गरेको छ । समितिको लेकका लागि हालसम्म नौ स्थानीयसहित ८७ जनाले अनुमति लिएका छन् ।

थासाङको बतासेमा पनि सङ्कलन फुकुवा भइसकेको छ । उक्त लेकका लागि ४५ जनाले अनुमति लिएका छन् । टुकुचे समितिले स्थानीयलाई रु. एक हजार रूपैयाँ र जिल्ला बाहिरका व्यक्तिलाई रु. तीन हजार शुल्क तोकेको छ ।

थासाङको कुञ्जो लेकमा पनि यार्सा सङ्कलन सुरु भइसकेको छ । घरपझोङ गाउँपालिकास्थित संरक्षण व्यवस्थापन समितिले वैशाख २५ गतेदेखि यार्सागुम्बा सङ्कलन अनुमति दिने तयारी गरेको समितिका सचिव पवन गुरुङले जानकारी दिनुभयो ।

जोमसोम समितिले जोमसोम, ठिनी र ढुम्बा गाउँका स्थानीयलाई यार्सा सङ्कलनका लागि रु. चार हजार र सोही क्षेत्रमा अस्थायी बसोबास गरी घरखेत कमाएर बसेका व्यक्तिलाई प्रतिव्यक्ति रु. छ हजार शुल्क तोकेको छ ।

वारागुङ मुक्तिक्षेत्र–१ को मुक्तिनाथ संरक्षण क्षेत्र व्यवस्थापन समितिले आगामी जेठ २ गतेदेखि यार्सा सङ्कलन फुकुवा गर्ने तयारी गरेको छ । मुक्तिनाथ संरक्षण क्षेत्र व्यवस्थापन समितिले नेर झोङ, लिरी, रिसम्बा र छिमीघ्वा लगायतका लेकहरूमा यार्सा सङ्कलन गर्ने अनुमति दिने गरेको समितिका सचिव लाक्पाटसी गुरुङले जानकारी दिनुभयो ।

यार्सा सङ्कलन गर्ने व्यक्ति वा व्यापारीले जिल्ला बाहिर यार्सा निकासी गर्नुपरेमा रु. तीन हजार १०० रूपैयाँ राजश्व बुझाउनुपर्ने नियम छ । ***(रासस)***

। सम्पादकीय ।

# सरकारको लक्ष्य देश र जनताकेन्द्रित हुनुपर्छ

नयाँ सरकारले नयाँ नयाँ काम गर्ने चाहना राख्नु र त्योअनुसार कार्य गर्नु अन्यथा होइन । तद्नुसार रास्वपाको सरकारले त्यो प्रयास गरिरहेको छ । पुरानो सरकारको भन्दा नयाँ सरकारले यो यो काम गरेको छ भनी फरक देखाउन दुई चार वटा सुधारात्मक काम गर्नु आश्चर्यको विषय होइन । यस्ता दुई चारवटा सुधारात्मक काम कुन सरकारले गरेको छैन र ? एसईईको नतिजा एक महिनाभित्र गर्ने सरकारी निर्णय हेर्दा नयाँजस्तै लाग्छ । दुई दिनको बिदा त पहिले पनि लागू गरिएको थियो । तर, त्यो नेपालको सन्दर्भमा व्यवहारिक नभएको भन्दै फिर्ता लिइएको थियो । थप एक दिनको बिदाले कति कर्मचारीहरूले राहत पाएको महसुस गर्लान् । तर, कति कर्मचारीहरूले बिहान ९ बजेदेखि कार्यालय धाउनुपर्दा घरमा थप बोझ भएको महसुस पनि गरेका छन् । सरकारी जागिरेहरू बिहान ९ बजे कार्यालय पुग्नुपर्दा आफ्ना सन्तानलाई स्कूलमा पुऱ्याउन समय अनुकूल नभएको, अस्पतालमा आन्तरिक विवाद भएको आदि घटनाले यो दुई दिनको बिदाबारे सरकारले सोचविचार गरेर फिर्ता लिने विचार पनि यहाँ व्यक्त नभएको होइन ।

मूल कुरा सिद्धान्त र विचार नै हो । देशलाई ५ वर्षभित्र कहाँ पुऱ्याउने या देशमा के कस्ता योजना बनाएर पूर्वाधार तयार गर्ने भन्नेतर्फ सरकारको ध्यान जानुपर्छ । छिनछिनमा यो गर्ने र त्यो गर्ने भनी सतही निर्णय गर्दा या विचार नपुऱ्याउँदा त्यो सही निर्णय नहुन सक्छ । निजी क्षेत्रमा कार्यरत सञ्चार क्षेत्रलाई विज्ञापन छापेबापत दिँदै आएको विज्ञापनको रकम सरकारले नदिने निर्णय उपयुक्त होइन । सञ्चार क्षेत्रले एकातिर सरकारी कार्यको प्रचार प्रसार गरिरहेको छ भने अर्कोतिर सरकारी विज्ञापन छाप्दै आएको छ । बरु, विज्ञापन छाप्ने नाउँमा भइरहेको दुरूपयोगलाई सरकारले नियन्त्रण गर्नुपर्छ । बिचौलियाले विज्ञापनको रकम दुरूपयोग गऱ्यो भनेर सरकारी विज्ञापन छापेबापत पाउँदै आएको सरकारी सहयोग रोक्ने काम गर्नु बुद्धिमानी होइन ।

हरेक राजनीतिक दलको लक्ष्य हुन्छ । त्यो लक्ष्यमा पुग्न उसले पूर्वाधार तयार गरेको हुन्छ । लक्ष्य देश र जनताकेन्द्रित हुनुपर्छ । सरकारले जनताको अपेक्षाअनुसार काम गर्नुपर्छ । विगतमा कमजोरी भनेको दीर्घकालीनभन्दा अल्पकालीन कार्यमा सरकार अल्भिनु हो । सरकारले जनताको अपेक्षाअनुसार सेवा प्रवाहमा सुधार गर्नुपर्छत्र भ्रष्टाचार नियन्त्रणमा कडा कदम चाल्नुपर्छ र विकासको ठोस परिणाम देखाउनुपर्छ । हो, राजनीति बहुमतको अहङ्कार, वर्चश्व र पुरानो भाष्यले चल्दैन । हरेक सरकारमा जिम्मेवारी बोध हुनुपर्छ । उत्तरदायित्व र परिणाम समयको माग हो । अबको राजनीति परिवर्तनको राजनीति हो । व्यक्तिगत र दलगत स्वार्थ पूरा गर्ने काम राजनीतिक दलको होइन ।

बहुमत जनताको निम्ति के गर्ने भन्ने दृष्टिकोण रास्वपाको देखिँदैन । बुँदागत सुधार गरेर खुसी पार्ने काम रास्वपाले थालेको छ । रास्वपाको गतिविधि हेरेर अहिले नै जनताले सरकारको खोइरो खन्दै विरोध गर्न थालेका छन् । सरकार गठन भएको महिना दिन नपुग्दै जनतामा असन्तोष बढ्न थालेको छ । सहकारी पीडित, सञ्चार क्षेत्रमा कार्यरत सञ्चारकर्मी, शिक्षक, विद्यार्थी, अभिभावकहरू सरकारको अव्यवहारिक र अपरिपक्व निर्णयको विरोधमा छन् । सतही या हचुवा निर्णयकै कारण सरकारले बोलाएको संसद्समेत स्थगित गर्न बाध्य भयो । शिक्षा, स्वास्थ्य, उद्योग, कृषि, सिँचाइ, यातायातको सवालमा सरकारको लक्ष्य के छ ? शिक्षा र स्वास्थ्यलाई कसरी हेर्ने भन्ने सरकारको दृष्टिकोण के हो ? सिँचाइ नीति के हो ? उद्योग तथा कलकारखाना संरक्षण र संवर्द्धन के कसरी गर्न सकिन्छ ? सरकारले युवाहरूलाई स्वदेशमै रोजगारीको व्यवस्था गर्नुपर्छ । योग्यताअनुसार काम र कामअनुसारको ज्यालाको बस्तोबस्त गर्नुपर्छ । सरकारको काम भ्रष्टाचारको अन्त्य गर्नु होत्र भ्रष्टाचार अन्त्य गर्न भ्रष्टाचारीहरूलाई कडा कारबाही गर्नु हो । के यो सरकारले जनताका यी माग र आवश्यकताअनुसार काम गर्नसक्छ ? विकास, सुशासन, रोजगारी, न्याय, समानता, पारदर्शिता आजको आवश्यकता हो । स्वदेशकै काम–मामको व्यवस्था गर्नुपर्छ । देशमै काम–मामको व्यवस्था भए कुनै पनि युवा बिदेसिन बाध्य हुँदैन । देश र जनताको लागि चाहिने आधारभूत आवश्यकता पूर्ति गर्नेतर्फ सरकार लाग्नुपर्छ । अनि देश बन्छत्र जनता आत्मनिर्भर हुन्छन् ।


# मजदुर सहिदहरूको कथा–१

✍ हावर्ड फास्ट




*(मे दिवसका सहिदहरूको कथा हो यो । यसका लेखक थिए – हावर्ड फास्ट । खासमा उनको उपन्यास 'अमेरिकन' को अंश हो यो । यो कथामा एक सफाइकर्मी छन् – शिलिङ । उनी मजदुर आन्दोलनप्रति सहानुभूति राख्ने जज (न्यायाधीश) पिटर आल्टगेल्डसँग कुरा गर्दै छन् । शिलिङले आन्दोलनका नेता अल्बर्ट पार्सन्सको जिन्दगी, शिकागो सहरमा भएको घटना र त्यसमा मजदुर नेताहरूले दिएको बलिदानबारे बताउँछन् । शिलिङ लेबर पार्टीमा छन् । उनी एक इमानदार मजदुर कार्यकर्ता हुन् । उनले पार्सन्स भर्खर समाजवादी बनेदेखि नै पार्सन्सलाई चिन्थे । शिलिङ पार्सन्सको विचारसँग सहमत छैनन् । तर, पनि उनको सदाचार, इमानदारी र श्रमजीवी जनताको सक्कली मुक्तिप्रति उनको चोखो प्रतिबद्धताबाट शिलिङ कायल छन् ।*

पार्सन्सलाई धेरै कुरा थाहा थियो । उनलाई थाहा थियो – मुट्ठीभर धनीमानीहरूले आफूखुसी मजदुरहरूको रगत निचोरेर आफ्नो भोगविलाशका साधन जम्मा गर्न छोड्ने छैनन् । उनी मजदुरहरूलाई सङ्गठित हुने र आफ्नो हकअधिकारका लागि लड्ने उपाय बताउँथे । त्यसबेला मजदुरहरूसँग १४–१६ घण्टा काममा दलिन्थ्यो । संसारभरि दिनको आठ घण्टा मात्र काम गराउनुपर्छ भन्ने माग चर्किंदै थियो । ठाउँठाउँमा यही माग लिएर मजदुरहरू सडकमा उत्रिँदै थियो । अमेरिकाको शिकागो सहरमा पार्सन्सको नेतृत्वमा यस्तै मजदुर





आन्दोलन भयो । दैनिक आठ घण्टा कामको माग राखेर अल्बर्ट पार्सन्सको नेतृत्वमा एउटा भव्य जुलुस गरियो ।

मजदुरहरूको शक्ति बढ्दै थियो । यो देखेर उद्योगपति वा पुँजीपतिहरू डराए । त्यसैले, तिनीहरू मजदुर नेताहरूको हत्या गर्ने योजना बनाए । उनीहरूले पुलिस र गुन्डाहरूलाई यो काममा खटाए । मजदुरहरूलाई दबाउनका लागि उनीहरू तम्तयार अवस्थामा बसे ।

मे ३ को दिन आठ घण्टा कामको माग राखेर मजदुरहरू हडतालमा उत्रे । उनीहरू निहत्था थिए । यत्तिकैमा पुलिसहरूले गोली चलाए । चार मजदुरहरू ठहरै भए । यो जङ्गली दमनको विरोधमा जनसभा हुने भयो । मे ४ को साँझपख हेमार्केट चोकमा शान्तिपूर्ण सभा भयो । सभालाई १८० पुलिसहरूले घेरामा पारे । सभामा घुसेको घुसपैठिया भिजिलान्तेले बम फाल्यो । एक प्रहरी मारिए र पाँच घाइते भए । यो देखेर पुलिस बौलायो र उसले अन्धाधुन्ध गोली ठोक्न थाल्यो । गोलीबारीका कारण ६ मजदुर ठहरै भए । २०० भन्दा बढी मजदुर घाइते भए ।

शिकागोका पत्रपत्रिकाले आन्दोलनकारी मजदुर र तिनका नेताहरूविरुद्ध जथाभावी प्रचार गर्न थाले । उनीहरूले मजदुर नेताहरूलाई धरपकड गर्ने अभियान नै चलाए । केही दिनमा सात मजदुर नेता पक्राउ परे । तिनको नाम थियो – स्पाइस, फिल्डेन, माइकल श्वाब, एडोल्फ फिशर, जर्ज एन्जेल, लुइस लिङ र ओस्कर निबे । पुलिसले पार्सन्सलाई पक्रिन सकेन । मुद्दा सुरु हुने दिन आफ्ना साथीहरूलाई कठघरामा साथ दिन उनी आफै अदालत पुगे ।

सुरुदेखि नै मुद्दा एकतर्फी थियो । उद्योगपति र सरकारले जसरी पनि मजदुर नेताहरूलाई फसाउने जाल बुनेका थिए । पक्राउ परेका ८ जना नेतामध्ये कसैले पनि बम फालेको थिएन । सरकारी वकिलले उनीहरू त्यो षड्यन्त्रमा संलग्न भएको प्रमाण पेस गर्न सकेन । निबेलाई छाडी बाँकी ७ मजदुर नेतालाई मृत्युदण्डको सजाय सुनाइयो । पछि फिल्डेन र श्वाबको सजायलाई आजीवन काराबासमा फेरियो । मजदुर नेता लिङ २१ वर्षका थिए । उनले शोषकहरूको फाँसीमा झुन्डिन चाहेनन् । त्यसैले उनले आत्महत्या गरे । बाँकी चार नेता पार्सन्स, स्पाइस, एन्जेल र फिशरलाई १८८७ नोभेम्बर ११ गते फाँसी दिइयो ।

६ वर्षपछि इलिनोय राज्यमा नयाँ गभर्नर आए – जोन एल्टजेल्ड । उनले मजदुर नेताहरूविरुद्ध लगाइएको मुद्दा नाटक मात्र थियो भने । अदालतमा पेस गरिएका धेरै प्रमाण फर्जी थिए भन्दै गभर्नरले निबे, फिल्डेन र श्वाबलाई रिहा गरिदिए । मारिएका पाँच नेतालाई दोषमुक्त गरिदिए ।

*यो कथामा शिलिङले जज आल्टगेल्डलाई यी सारा वृत्तान्त सुनाउँछन् र पार्सन्सको जीवनबारे बताउँछन् ।)*

शिलिङ बोल्न थाले । उनले भने, "लुकाउने कुरा केही छैन । म सबथोक भन्छु, आल्टगेल्ड सापले मेरो लक्ष्य बुझ्नुपर्छ । माफ गर्नु है जज साप । बोल्दाबोल्दै सोच्न थालेछु । आउँदाआउँदै मैले बाटोभरि धेरै कुरा सोचेँ । तपाईंलाई के कति कुरा बताउने होला भन्ने लाग्यो । तर, कुरा बुझ्नु पनि त पऱ्यो । त्यसैले सबथोक जस्ताको तस्तै भन्नुपर्ला भन्ने सोचे । सबथोक उचित स्थानमा राख्ने हामी जर्मनहरूको बानी हुन्छ । यस मामिलामा म त्यसरी नै सोच्ने गर्छु । त्यसैले मैले पार्सन्सको विषयमा बताउने निधो गरेको हुँ । स्पाइस, फिशर र एन्जेलको बारेमा उति बोल्दिन । तिनीहरूबारे एउटै कुरा भन्छु जज साप । तिनीहरू यो देशका बासिन्दा हुन आए, जहाँ स्वतन्त्रतालाई एकदम घृणा गरिन्छ । तपाईंले नै त भन्नुभएको थियो हैन ? बुबाले पिटीपिटी तपाईंलाई आज्ञाकारिताको पाठ पढाउनुभएको कुरा ? हत्तेरिका, फेरि माफ गर्नु है । म के भन्न चाहन्थेँ भने म यहाँ पार्सन्सको कुरा मात्र गर्छु । जर्मनीबाट स्वतन्त्रता खोज्दै अमेरिका आएका बाँकी तीनजनाबारे केही भन्दिन ।"

जज आल्टगेल्ड शान्त थिए । उनले भने, "त्यसो भए पार्सन्सकै बारेमा बताऊ ।"

"ठीक छ । तर, याद राख्नु नि, यी चारैजना केही समयपछि मर्नेवाला छन् ।"

जजले केही भनेनन् । उनले आँखा डुलाउँदै मकलमाथि राखेको घडी हेरे । शिलिङ बोल्न थाले । उनी बोलिरहे –

"पार्सन्सको विषयमा मलाई धेरैथोक थाहा छ । तर, म सबै कुरा उचित समयमा बताउन चाहन्छु । कसैकसैले अल्बर्ट पार्सन्सको खानदानबाट कुरा सुरु गर्छन् । यस्तो गर्नु असल खराब के हो ? म जान्दिनँ । म आफै कुनै खानदानी मान्छे होइन । यो देशमा त खानदानका कुरा खिचडी जस्तो लाग्छ । एकातिर सम्पत्तिको आफ्नै वंशावली छ । जस्तो, तपाईंका बाबु करोडपति भए तपाईंले ठुला ठालुहरूबिच रमाउन पाइहाल्नुहुन्छ । तर, अर्कोतिर स्वतन्त्रताको वंशावली पनि छ । मलाई लाग्छ, यो अजीब देशमा सबैभन्दा ठुलो अन्तरविरोध यही हो । स्वतन्त्रताको वंशावली संसारमा अन्त कतै छैन, यही देशमा मात्र छ । यो वंशावलीले भन्छ – तपाईंका बा वा हजुरबा यो देशको स्वतन्त्रता सङ्ग्राममा लडेको भए अमेरिका तपाईंको ऋणी छ; यो ऋण कहिल्यै चुकाउन सकिन्न । म पनि कस्तो फतफताएको हुँला ? यत्ति हो, पार्सन्सको स्थान यो परम्पराभन्दा एकदम माथि छ, धेरै उच्च छ । आमातिरबाट उसका एकजना पुर्खा जर्नेल जर्ज वासिङटनका सहयोगी थिए रे । बाबुतिरबाट उसका दुईजना पुर्वज नाम चलेका मान्छे रहेछन् । एकजना मेजर जर्नेल स्यामुएल पार्सन्सले म्यासाचुसेट्सको लडाकु दस्ताका नाइके थिए रे । अर्का क्याप्टेन पार्सन्स थिए रे । मलाई उनको पूरा नाम थाहा छैन । उनी बङ्करहिलको लडाइँमा घाइते भएका थिए रे । यो कुरा किन सुनाएको हुँ भने अमेरिकामा मान्छेलाई यस्ता कुराले तौलिन मिल्दैन । तर, यस्ता कुरा नगरी मान्छेलाई राम्ररी चिन्न पनि त सकिन्न नि, हैन ? अमेरिकीहरूसँग हामी जर्मनहरूको जस्तो सम्झिने शक्ति छैन । यहाँ लर्ड, ड्युक र युङ्कर (रजौटा, मौजावाल) जस्ता मान्छेको शरीर र आत्मा दुवै कोपर्ने दुष्टताका औतारहरू थिएनन् । यहाँ त्यस्तो युग नै थिएन । त्यही भएर अमेरिकीहरूलाई त्यो पीर थाहा छैन । तर, यिनीहरूसँग अर्को पत्याउनै नसकिने अन्तरविरोध छ । स्वतन्त्रताको वंश परम्परा छ । अघि मैले त्यही भन्दै थिएँ । पार्सन्सको बारेमा कुरा गर्दा हामीले यसलाई बिर्सनुहुन्न ।"

"हुन सक्छ, पार्सन्स पछि जे बन्यो, त्यसको पछाडि त्यही पृष्ठभूमिले काम गरेको थियो । पार्सन्स किन त्यस्तो बन्यो ? यसको लागि हामीले केही कुरा बुझ्नुपर्छ । सबैले यो कुरा बुझ्न पनि सक्दैन । किनभने, सबैको जीवन उसको जस्तो रहस्यमयी किताब हुँदैन । उसको जीवन गुढ अक्षरले लेखिएको थियो । सायद भगवान्ले मात्र त्यो अक्षर पढ्न सक्लान् । तर, केही कुरा पक्कापक्की छ । उसले युद्ध लडेको थियो । हो, उसले अर्को पक्षबाट लडेको थियो । किनभने, ऊ टेक्ससमा बस्थ्यो, त्यही काम गर्थ्यो । फेरि, १६–१७ वर्षको ठिटो साथीहरूको विरोधमा उत्रिन पनि त सक्दैन । ऊ मजाले लड्यो । कसैले उसलाई कायर भनेन । पछि गएर हब्सीहरूलाई फेरि गुलाम बनाइयो । पार्सन्सलाई यो कुरा चित्त बुझेन । अनि उसले पुनर्निर्माण सरकारको पक्ष लियो । *(दासप्रथा अन्त्य गर्न भएको गृहयुद्धपछि बनेको सरकारलाई अमेरिकामा पुनर्निर्माण सरकार भनिन्छ ।)* उसले त्यो सरकारको लागि काम गऱ्यो; ऊ सरकारको अङ्ग बन्यो । अरू पनि धेरै कुरा छन् । मलाई सबै थाहा छैन । जस्तो, २० वर्षको उमेरमा पार्सन्सले धेरै दुःख पाइसकेको थियो । तर, पनि उसले कसरी यति साफ र खरो तरिकाले सोच्यो होला ? जे भन्नुस्, उसले आफ्नो जीवन आफै बनायो । ऊ काला हब्सीहरूको, दबेका गोराहरूको र इन्डियनहरूको तर्फबाट बोल्ने मान्छे बन्यो । इन्डियनहरूलाई अमेरिकामा पश्चिमतिर धपाएर नस्ट गरिँदै थियो । जस्तो, जर्मनहरूले जमिन हडप्नका लागिस्लाभहरूको संहार गरेका थिए ।"

"पार्सन्सको बारेमा बताउनलाई धेरैथोक छ । तर, बेलिबिस्तार लगाउनलाई फुर्सद पनि त छैन । यताउतिका दुईचार कुरा मात्र भन्छु । जस्तो, उसकी जहान लुसी आधा रेड इन्डियन र आधा स्पेनी थिइन् । एक्लै शानले रमाउने वनको गुलाफ जस्ती रङ्गीन, सुन्दर र आँटिली थिइन् लुसी । उनीहरू एकअर्कालाई निकै माया गर्थे । उनीहरूको प्रेम पुरानो पाराको थियो । अरू के भनुँ ? उसले छपाइको काम गर्थ्यो, अखबारमा लेख्थ्यो, सम्पादनको काम गर्थ्यो । तर, सुरुमा ऊ टाइप सेट गर्ने मजदुर थियो । तर, आफ्नो काममा ऊ सिपालु थियो । एक असल सफाइकर्मी थियो । बेलाबखत गाउँमा चौपायाहरूको बथान चराउने काम पनि गर्थ्यो । कतिपय लोग्ने मान्छेहरू आइमाइझैं नरम र इस्पातझैं कडा हुन्छन् । के तपाईंले यस्ता मान्छे देख्नुभएको छ ? फौजमा यस्ता मान्छेलाई तपाईंले भेट्नुभएको होला त ! हो, पार्सन्स त्यसैखाले मान्छे थियो । मलाई अझ धेरै कुरा भनौंभनौं भइरहेछ । तर, म उसको वकालत गर्दिन है । ऊसँग धेरै कुरामा असहमति छन् मेरा । अब म हेमार्केट (अमेरिकाको शिकागो सहरको मुख्य बजार) घटनाको विषयमा तपाईंले थाहा नपाएका दुईचार कुरा भन्छु ।"

***अनुवाद : मोहिनी***

# जून महिनाको मजदुर विद्रोह

✍ का. रोहित

फ्रान्सेली मजदुरवर्गको आर्थिक स्थिति झन्झन् तल झर्दै गयो। १८४५-१८४७ को बाली राम्रो भएन। आलुको रोगले सम्पूर्ण युरोपलाई छोएको थियो। विकसित र पुँजीवादी देशमाथि आर्थिक सङ्कटको मार परिरहेको थियो। ज्याला ५० प्रतिशतदेखि ६० प्रतिशत घट्यो। बेरोजगारी समस्या व्यापक भयो। १८४७ मा एक फ्रान्सेली पत्रिकाले लेखेको थियो- ‘८० हजार ढुङ्गा फोर्ने मजदुरहरू, सिकर्मी र अरू ज्यामीहरू कामबाट हटाइए। ..... उद्योगमा आतङ्क मच्चिरहेको छ। ज्याला घट्दै छ। पैसा सबै सेफको बाकसमा बन्द गरिएको छ। सबभन्दा ठुलो विपत्तिको बेलामा जस्तै पेरिस बजारमा एकपछि अर्को पसलहरू बन्द हुँदै छन्। हरेक दिन अनगिन्ती मानिसहरूको टाट उल्टिँदै छ। अदालतको आदेशले मानिसहरू पक्राउ पर्दै छन् र सम्पत्ति तायदाती वा लिलाम हुँदै छ।’

मजदुरहरूको अवस्था पनि निराशाजनक थियो। लिले (Lille) नगरको एक मजदुर इलाकाको जाँचबुझ गर्दा एक बूढी आइमाईले भनेकी थिइन्, “म धनी छैन। तर, मसँग आफ्नै परालको एक कल्ली छ। मालिकलाई धन्यवाद।” त्यो परालको भारी तिनको ओछ्यान थियो। १८४७ मा एक कर्मचारीले व्यापार मन्त्रीको रिपोर्टमा भनेको थियो, “कारखानाहरूमा रातदिन ८ देखि १५ वर्षका केटाकेटीहरूलाई १४ घण्टा काम गर्न दिइन्छ। केटाकेटीहरू कारखानामै सुत्छन्। कारखानाको मालिकको आदेशबाट पाले (चौकीदार) ले कारखानाको घडीलाई बिहान ४५ मिनेट चलाख बनाउँछ र साँझ आधा घण्टा ढिलो बनाउँछ।” त्यसकारण, मजदुरहरू भित्र- भित्र असन्तुष्ट थिए। जनता राजनैतिक अधिकारबाट वञ्चित थिए। राजनैतिक अधिकार नहुँदा औद्योगिक पुँजीपतिवर्गमा असन्तोष थियो। अल्जेरियामा पनि फ्रान्सेली जनताले फ्रान्स सरकारको विरोधमा सङ्घर्ष गर्दै थिए। अल्जेरियामा मात्रै फ्रान्सको ९ लाख सेना थियो। यसप्रकार आर्थिक सङ्कट बढ्दै थियो।

पुँजीवादको विकास र ठुलठुलो उद्योगको स्थापनाले औद्योगिक पुँजीपतिवर्ग सम्पन्न हुँदै गयो। तर, राजनैतिक अधिकार भने बैङ्क र खानदानी केही मालिकहरूको हातमा थियो। तिनीहरूभन्दा माथि राजा थियो। उद्योग र कारखानाका मेनेजर र मालिकहरू संविधानमा सुधार ल्याउन चाहन्थे। तिनीहरू बालिग मताधिकारको आधारमा चुनेको सरकार अथवा गणतन्त्र चाहन्थे।

मजदुरवर्ग पनि गणतन्त्र चाहन्थ्यो। तिनीहरू आफ्नो आर्थिक जीवनलाई सुधार्ने गणतन्त्र चाहन्थे। तर, पुँजीपतिवर्ग आफ्नो वर्गलाई मात्र फाइदा गर्न चाहन्थ्यो। पुँजीपतिवर्गलाई चुनावको सरकार आए हुन्थ्यो। दुवै वर्गले गणतन्त्र चाहेको भए पनि उद्देश्य फरकफरक थियो। वर्गीय उद्देश्य झन्झन् प्रस्ट हुँदै गयो।

ठुलठुला पुँजीपतिवर्गले निर्वाचन नियमावलीहरूमा सुधार गर्न लगायो। वर्षमा २०० फ्रान्क प्रत्यक्ष कर तिर्नेहरूले मात्रै चुनावमा मत दिने अधिकार पाउँथे, तर जनतामा असन्तोष बढ्यो। अनेक नाउँ चलेका पुँजीवादी नेताहरूले पनि निर्वाचन नियमावलीको सुधारको पक्षमा बोल्थे।

२२ फेब्रुअरी १८४८ मा एक ठुलो सभा बोलाइएको थियो। सरकारले त्यस सभामाथि प्रतिबन्ध लगायो। पुँजीपतिवर्गले सरकारको प्रतिबन्धलाई स्वीकार गर्‍यो। तिनीहरू मुखले मात्र ठुलठुला कुरा गर्थे र क्रान्तिदेखि डराउँथे। त्यसकारण, पुँजीवादी राजनीतिज्ञहरू घरमै बसिदिए।

तर, मजदुरहरू भने तोकिएको ठाउँमा सभाको निम्ति उपस्थित भए। विभिन्न गुप्त क्रान्तिकारी, गणतान्त्रिक र समाजवादी सङ्गठनका प्रतिनिधिहरू पनि हाजिर भए। विभिन्न सङ्गठनका नेताहरू गिरफ्तारबाट बचे र विद्रोहको आह्वान गरिए। जनताले जहाँतहीँ लडाइँको निम्ति छेकवारहरू राख्न थाले।

जनता सडकमा आएर निर्वाचन नियमावली सुधारको माग गर्न थाले। सरकारले राष्ट्रिय गार्डलाई बोलाउने घोषणा गर्‍यो। तर, राष्ट्रिय गार्डका धेरैजसो गाउँहरू मजदुरहरूसँग मिल्न गए।

२३ फेब्रुअरी १८४८ को रातमा सरकारी सेनाले मजदुरहरूको जुलुसमाथि गोली चलायो। यसले सारा ठाउँमा विद्रोह फैलियो। २००० ठाउँमा अथवा बाटोघाटोमा छेकवारहरू हालेर पेरिसवासीहरू सङ्घर्ष गर्न तयार भए। एकै रातमा ४००० रुखहरू काटिए र १० लाख ढुङ्गाहरू उप्काएर थुपारिए।

२४ फेब्रुअरीको दिन क्रान्तिकारीहरूले सैनिक ब्यारेक कब्जा गरे र नगरभित्र रहेका सबै हातहतियार र बारुदखाना कब्जा गरे। विद्रोहको हावापानी देख्नासाथै राजा लुई फिलिप दरबारको गुप्त बाटोबाट भागे। एउटा गाडी भाडामा लिएर उनी पेरिसबाट कुलेलम ठोके। तर, प्रतिनिधिसभाका सदस्यहरू लुई फिलिपको गद्दीमा उसको नातिलाई राख्न चाहन्थे। तिनीहरू नाबालक राजाको हर्ताकर्ताको निम्ति उसकी आमालाई राखेर एक सरकार गठन गर्ने दाउ खोज्दै थिए।

त्यसबेला सशस्त्र मजदुर र राष्ट्रिय गार्ड मिलेर त्यस राजतन्त्रवादी षड्यन्त्रलाई असफल बनाइएको थियो। मजदुरवर्गले राजतन्त्रको चिनो गद्दीलाई नै बाटोमा ल्याएर आगो लगाइदियो। यो राजतन्त्रमाथि जनताको विरोधको प्रतीक थियो। राजदरबारमा मजदुरहरूको धावा सफल भयो।

मजदुरहरू विभिन्न क्रान्तिकारी गुटमा सङ्गठित थिए। केही समाजवादीहरू पनि थिए। त्यसका नेता लुई ब्लाँक (Louis Blanke) थिए। उनी पहिले मजदुर सङ्घमार्फत कारखाना खोल्नका निम्ति सरकारसँग ऋण माग्ने पक्षमा थिए। तर, उनी सफल भएका थिएनन्। उनी बेरोजगारी भत्ता दिलाउनमा मात्रै सफल भए। मजदुरहरूको वीरता र सतर्कताले फ्रान्समा जुलाईको पुँजीवादी राजतन्त्रलाई उखेलेर फ्याँकिदियो। तर, मजदुरवर्गको एउटै केन्द्रीय सङ्गठन थिएन। राम्रो नेतृत्वको विकास भएको थिएन।

यसको उल्टो पुँजीपतिवर्ग सङ्गठित थियो र तिनीहरूसँग परिस्थितिलाई ठम्याउने नेतृत्व थियो। राष्ट्रिय गार्डको समर्थन पनि तिनीहरूलाई थियो। त्यसकारण, पुँजीपतिवर्ग नयाँ सरकार बनाउन सफल भयो। बुर्बो दरबारमा नयाँ अस्थायी सरकारको घोषणा गर्‍यो। राष्ट्रिय प्रतिनिधिसभाले जनरल काभिग्नाक (Cavignac) लाई अस्थायी सर्वाधिकार सम्पन्न राष्ट्रपति नियुक्त गर्‍यो र अनि संविधानसभा बोलाइयो। जनताको मागअनुसार सरकारमा अल्बर्ट र लुई ब्लाँक पनि थिए।

अल्बर्ट भन्ने एक टाँक बनाउने कारखानाका मजदुर थिए। उनले १८४३ को लियोन विद्रोहमा पनि भाग लिएका थिए। लुई ब्लाँक एक पत्रकार र इतिहासकार थिए। उनी आफूलाई एक समाजवादी भन्थे। पछि उनी व्यक्तिगत सम्पत्तिका समर्थक भए र मजदुरवर्गलाई धोका दिएर पुँजीपतिवर्गसँग मिल्न गए।

त्यस पुँजीवादी अस्थायी सरकारले समाजवादीहरूलाई मन्त्रीस्तरीय पदहरू दिएनन्। खालि साधारण सचिव तहका पदहरूमात्रै दिए। तिनीहरूमध्ये सबभन्दा ठुलो पद लानार्टीम ( Lanartime) लाई दियो। त्यो पनि उनले कारखानाका मालिकहरूको स्वार्थको पक्ष लिएको हुनाले दिएको थियो। उसको पद विदेश विभागको पद थियो।

२५ फेब्रुअरीको दिन मजदुरहरूको ठुलो प्रदर्शन भयो। तिनीहरूले सर्वशक्ति सम्पन्न गणतन्त्रको माग गरे। फ्रान्सेली मजदुरहरू त्यसबेला राजतन्त्रभन्दा गणतन्त्रलाई एक पाइला अगाडि सम्झन्थे। त्यस संसदीय व्यवस्थाले अथवा गणतान्त्रिक व्यवस्थामा जनतालाई राजनीतिकरूपले सङ्गठित र शिक्षित गर्ने केही सम्भावनाहरू थिए। तर, गणतान्त्रिक सरकार पनि पुँजीपतिवर्गकै सरकार थियो। पुँजीवादी प्रजातन्त्रमा पनि पुँजीपतिवर्गले मजदुरवर्ग र जनतालाई दबाइ नै राख्दथ्यो। फ्रान्सेली गणतन्त्रले पनि मजदुरवर्गको निम्ति केही गर्न सक्दैनथ्यो र गर्न पनि सकेन।

त्यसकारण, मजदुरहरू ठुलो जुलुससहित अस्थायी सरकारको भवन अगाडि भेला भए। जनताले हातहतियार पनि लिएका थिए। जनताको तर्फबाट एक सशस्त्र मजदुरले बोले, “बेरोजगारी मजदुरहरूले काम पाउनुपर्छ। अस्थायी सरकारले ‘कामको ग्यारेन्टी दिनुपर्छ।’ मजदुरहरू आर्थिक अवस्थालाई परिवर्तन गर्न चाहन्थे। त्यस दृष्टिकोणले तिनीहरू ‘समाजवादी गणतन्त्र’ को माग गर्थे। तर, यो कुरा त्यसबेलाका मजदुरहरूलाई थाहा थिएन कि त्यो कुरा त पुँजीपति सरकारलाई उल्टाएर फालेपछि मात्र पूरा हुनेछ।”

जनताको असन्तोषबाट डराएर अस्थायी सरकारले ‘कामको अधिकार’ लाई स्वीकार गरेको हाउभाउ गर्‍यो। तर, त्यो एक छलकपट थियो। मजदुरहरूको विरोधमा काम गर्ने निर्णय गरेर व्यवहारमा देखावटीरूपमा ‘काम गर्ने अधिकार’ लाई मान्यता दियो।

अस्थायी सरकारको मान्यताअनुसार जनकार्य मन्त्रालयको मातहतमा दानको रूपमा एक ‘राष्ट्रिय ज्यासल’ खोलियो। त्यो एक काम गर्ने भट्टी या कालीगडको ज्यासलजस्तो थियो। यसमा काम गर्न भर्ना हुने सबैलाई एक एक वटा पाङ्ग्रा भएको सामान ओसार्ने ठेला (ह्विल ब्यारो) दिइन्थ्यो। त्यसमा एक लाख मजदुरहरू भर्ना भए। ठुलठुला र राम्रो काम गर्ने मजदुरहरूसमेत माटो ओसार्ने काम गर्थे। त्यसैले खर्च धेरै पर्दथ्यो।

आर्थिक सङ्कट चर्किंदै थियो। सरकारले पुँजीपतिवर्गसँग ऋण लिएको थियो। सरकारले लिएको ऋणलाई ब्याज अगाडि नै दिन्थ्यो। त्यसले पुँजीपतिवर्गलाई फाइदा थियो। सरकारले किसानहरूसँग सयकडा ४५ प्रतिशत प्रत्यक्ष कर लगायो। पेरिसका मजदुरहरूले काम गर्न नमानेका हुनाले किसानहरूले कर तिर्नुपरेको हो र राष्ट्रिय ज्यासल चलाउनलाई त्यो पैसा खर्च हुन्छ भनेर फटाहा कुरा गाउँ गाउँमा फैलायो। त्यो पुँजीपतिवर्गको मजदुर र किसानलाई झगडा गराउने मजदुरविरोधी काम थियो।

संविधानसभाको चुनाव पनि नजिकै आइरहेको थियो। देशको ठुलो जनसङ्ख्यामा रहेका किसानहरूको मत मजदुरहरूले लिन नपाऊन् भनेरै यस्तो हल्ला फैलाएको थियो। किसानहरूले यस्तो कपटी र छली कुरालाई बुझेका थिएनन्। किसानहरूले आफ्नो मत पुँजीपतिवर्गलाई दिए। विधानसभामा पुँजीपतिवर्गको जीत भयो।

२२ जून, १८४८ को दिन सरकारले राष्ट्रिय ज्यासललाई बन्द गरिदियो। त्यसले १ लाख १३ हजार मजदुरहरू बेकार भए। मजदुरवर्गले त्यस पाइलाको विरोध गर्छ भन्ने कुरा सरकारलाई थाहा थियो। सरकारले राष्ट्रिय ज्यासललाई बन्द गर्नुको अर्थ मजदुरहरूलाई उत्तेजित गरेर हत्याकाण्ड मच्चाउनु थियो। त्यो एक जाली काम र षड्यन्त्र थियो। २२ जूनको दिन पेरिसका सबै पसलहरू बन्द थिए। जहाँतहीं राष्ट्रिय गार्डका जवानहरूले पहरा दिइरहेका थिए। सडक र गल्लीहरूमा ४०० भन्दा बढी लडाइँ गर्ने छेकवारहरू राखेका थिए। सहरको बाहिरी फेरा र आधा राजधानी लडाइँको निम्ति तयार थियो। लियोन र सिलेसियाका जुलाहाहरूको विद्रोह र बेलायतको मागपत्रहरूको आन्दोलनभन्दा त्यो अवस्था चर्को थियो।

लडाइँको घण्टी बज्यो। मजदुरवर्ग सारा लडाइँको मोर्चामा भिडेका थिए। तोपहरू गर्ज्यो। संविधानसभाले जनरल काभिग्नाकलाई असाधारण अधिकार दियो। जनरल काभिग्नाक अल्जेरियामा फ्रान्सविरोधी जनजातिहरूको हत्यारा थियो। संविधानसभाले वास्तवमा उसलाई सैनिक तानाशाह बनाएको थियो। यसरी पुँजीपतिवर्ग कसाहीको रूपमा प्रकट भयो।

तर, मजदुरवर्गले पुँजीपतिवर्गको ज्यानमारा नीतिको अगाडि घुँडा टेकेनन्। राष्ट्रिय ज्यासल सँगसँगै मेसिनको कारखाना र रेलका सर्वहाराहरू पनि मोर्चामा जुझेका थिए। सहरको बाहिरी फेराको सेन्ट आन्टुइलीमा सिकर्मीहरू लडाइँमा बडो राम्रोसँग लडेका थिए। आइमाई र केटाकेटीहरू पनि मजदुर लडाकुहरूको निम्ति गोली बनाउन मद्दत गर्थे र घाइतेहरूलाई प्राथमिक उपचार गर्थे। उनीहरू लडाकुहरूलाई खाना र पानी पुर्‍याउँथे।

राष्ट्रिय ज्यासलमा मजदुरहरूको सङ्गठनको आधार सैनिक ढङ्गको थियो। साना-साना दल र अनुशासित सङ्गठन थियो। लडाइँमा तिनीहरूले ठुलो साहस देखाए। तिनीहरूले अद्वितीय एकता र शत्रुहरूको आँखै तिरमिराउने सैनिक कौशल र चतुर्‍याइँको परिचय दिएका थिए। तर, पनि मजदुरहरूको निर्बलियो पक्ष पनि थियो। त्यस ( जूनको) विद्रोहमा तिनीहरूको कुनै एक संयुक्त नेतृत्व थिएन। गुप्त क्रान्तिकारी सङ्गठनहरूले मात्र राम्रा निर्देशन दिन सकिरहेका थिए। सङ्घर्ष पूरा इलाकामा फैलिन नसकी खाली केही इकालामा मात्रै सक्रिय र चर्को थियो। एक ठाउँमा ६० वर्षका एक सार्कीले कामीको घन लिएर मोर्चाको रक्षाको निम्ति निर्देशन दिँदै थिए।

विद्रोहमा सर्वहारावर्गको एक केन्द्र थिएन। किसानहरूले मजदुरहरूलाई समर्थन गर्न मानेनन्। सर्वहारावर्गलाई बाहिरबाट मद्दत दिन आउने कोही थिएन। स-साना पुँजीपतिवर्ग लडाइँको समयमा शत्रुको पक्षमा पुग्यो। माग पूरा गर्न पुँजीपतिवर्गको अगाडि आत्मसमर्पण गर्न लुई ब्लाँकले आत्मसमर्पणको निम्ति गोटीहरू चाले र धोखा दिए।

मजदुरहरू बडो साहस र दृढतापूर्वक लडेका थिए। तर, तिनीहरू नगर बाहिर पछाडि हट्नुपर्‍यो। सहर बाहिर सेन्ट आन्टोनी विद्रोहीहरूको बलियो गढमध्ये एक थियो। यो अन्तिमसम्म जुझिरह्यो। २६ जूनको दिन मजदुरहरूले आत्मसमर्पण गरे। सरकारी पल्टनले मजदुर पोसाक लगाएका र बारुदको धुँवाले काला भएका सबैलाई पक्रन्थ्यो र गोली हान्थ्यो। *( लडाइँमा खालि ५ जवान मजदुरहरू मात्रै मारिएका थिए। तर, आत्मसमर्पण गरेका वा गिरफ्तार गरिएका हजारौँ मजदुरहरूको अमानवीय ढङ्गले हत्या गरियो।)* २५ हजार मजदुर गिरफ्तार गरिए र त्यसमध्ये ५ हजारलाई उपनिवेशहरूमा निकाला गर्ने कठोर सजाय दिए। यसरी २६ जूनको हत्याकाण्ड गरी १८४८ को लडाइँमा पुँजीपतिवर्गको विजय भयो। फ्रान्सेली मजदुरहरूको हारले जर्मनी, इटाली र अरू देशका पुँजीपतिवर्ग र जमिनदारवर्गले पनि जनताको विरोधमा दमन कार्यहरू गर्न थाले। फ्रान्समा पनि पुँजीपतिवर्गले मजदुरवर्गलाई बराबर विद्रोह गर्न बाध्य गर्थे। तर, मजदुरवर्गले पुँजीपतिवर्गको विरोधमा ४ दिनसम्म रगताम्य भिडन्त गरेका थिए। त्यो भिडन्त नयाँ समाजलाई ल्याउन दुई वर्गको बिचमा भएको ठुलो भिडन्त थियो। पुँजीवादी व्यवस्थालाई राख्ने हो वा फाल्ने हो भन्ने प्रश्न नै यस भिडन्तको सार थियो।

२४ जूनको दिन मजदुरहरू नगर भवन कब्जा गर्ने उद्देश्यले बढिरहेका थिए। मजदुरहरू नगर भवन पुग्न ५०-६० पाइलामात्रै बाँकी थियो, लडाइँ मजदुरहरूले जित्दै थिए। तर, २६ जूनको दिनमा पासा पल्टियो। ज्यानमारा काभिग्नाकले मजदुरहरूको विरोधमा नियमित पल्टनहरू पठायो। सरकारी पल्टनका तोपहरूले मजदुर इलाकाहरूमाथि गोला बर्साउन थाल्यो। मजदुरहरूसँग पेरिसका जनसेना र राष्ट्रिय गार्ड मिलाएर जम्मा २४ हजार सेनामात्रै थियो। त्यसको तुलनामा सरकारी सेना बढी थियो। सरकारी सेनाको हातहतियार आधुनिक थियो। पल्टन तालिम प्राप्त थियो।

**मजदुरहरूको जून महिनाको विद्रोहको शिक्षा**

जून महिनाको विद्रोहको सफलता र असफलताले मजदुरवर्गलाई शिक्षा पनि प्राप्त भएको छ। राजतन्त्रलाई पुँजीपतिवर्ग र मजदुरवर्गको साझा दुश्मनको रूपमा लिएपछि अन्ततः पुँजीपतिवर्गले आन्दोलनलाई पनि दबाउँछ। सत्तामा आएको पुँजीपतिवर्गको स्थितिलाई बुझ्न सक्ने एउटा केन्द्र हुने गर्छ वा बनाउने गर्छ।

जस्तोसुकै प्रजातान्त्रिक भनिएको पुँजीवादी गणतन्त्र पनि मजदुरवर्गको विरोधमा तानाशाहीको रूप लिएर प्रकट हुनसक्छ।

कुनै पनि शासकवर्ग वा पुँजीपतिवर्गको विरोधमा राजनैतिक सङ्घर्ष गर्न मजदुरवर्गको पनि स्थितिलाई बुझ्न सक्ने एक गुप्त नेतृत्व हुनुपर्छ।

मजदुरवर्गको पनि सैनिक ढङ्गले एक लडाकु सङ्गठन हुनुपर्छ र सङ्घर्ष एक सानो ठाउँमा मात्र केन्द्रित हुनुहुन्न।

व्यापक किसान र गाउँले जनतासँग मजदुरवर्गको एकता आवश्यक छ। अर्थात्, किसान जनतामा पनि सङ्गठनलाई फैलाउनुपर्छ र राजनैतिकरूपले तिनीहरूलाई तयार गर्नुपर्छ।

मजदुर आन्दोलनलाई माथि वा तल, बाहिर वा भित्रबाट पनि सहयोगको सम्भावनालाई ध्यान दिनु आवश्यक छ। व्यापक कामदारवर्गलाई एक राजनैतिक शक्तिको रूपमा तयार गर्नुपर्छ।

*- ‘विश्व प्रसिद्ध मजदुर आन्दोलनहरू’ बाट*



# इरान–अमेरिका तनावबिच इरानी विदेशमन्त्री अराघची मस्कोमा



मस्को, २७ अप्रिल (एएफपी)। इरान र अमेरिकाबिचको तनावपूर्ण अवस्थालाई नियन्त्रणमा ल्याउने कूटनीतिक प्रयास अनिश्चित बन्दै जाँदा इरानका विदेशमन्त्री अब्बास अराघची सोमबार रुस आइपुग्नुभएको छ। क्षेत्रीय वार्ताहरू विफल बन्दै गएको र मध्यस्थताका प्रयासहरू दबाबमा परिरहेका बेला उहाँको यो भ्रमणलाई अत्यन्त अर्थपूर्ण रूपमा हेरिएको छ।

इरानी विदेश मन्त्रालयका अनुसार अराघची सेन्ट पिटर्सबर्ग पुग्नुभएको छ। त्यहाँ उहाँले रुसी राष्ट्रपति भ्लादिमिर पुटिनसँग भेटवार्ता गर्ने कार्यक्रम रहेको छ। तेहरान र वासिङ्टनबिच प्रत्यक्ष संवाद ठप्पजस्तै अवस्थामा पुगेका बेला मस्कोमार्फत सम्भावित सहमतिको बाटो खोज्ने प्रयास तीव्र बनाइएको सङ्केत यसले दिएको छ।

अराघचीले यसअघि ओमान र पाकिस्तानको भ्रमण गर्दै मध्यस्थकर्ताहरूसँग परामर्श गर्नुभएको थियो। इस्लामाबादमा हुने अपेक्षा गरिएको दोस्रो चरणको वार्ता भने अन्तिम समयमा आएर रोकिएको थियो। अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले आफ्ना दूत स्टिभ विटकफ र जारेड कुसनरको पाकिस्तान भ्रमण रद्द गरेपछि वार्ताको गति एकाएक अवरुद्ध भएको हो।

यद्यपि, संवाद पूर्ण रूपमा बन्द नभएको सङ्केतहरू देखिएका छन्। इरानले पाकिस्तानमार्फत अमेरिकी पक्षलाई लिखित सन्देश पठाउँदै आणविक मुद्दा र हर्मुज जलडमरुजस्ता संवेदनशील विषयमा आफ्ना 'लक्ष्मण रेखा' स्पष्ट पारेको बताइएको छ। यी सन्देश औपचारिक वार्ताको हिस्सा नभए पनि सम्पर्क कायम राख्ने प्रयासका रूपमा हेरिएको छ।

अमेरिकी सञ्चारमाध्यम एक्सियोसका अनुसार इरानले युद्ध अन्त्य र हर्मुज जलडमरु पुनः खोल्ने प्रस्ताव पनि अघि सारेको छ, यद्यपि त्यसलाई आणविक वार्तापछिको चरणसँग जोडिएको बताइएको छ। इरानी सरकारी समाचार एजेन्सीले उक्त रिपोर्ट अस्वीकार नगरी उल्लेख गरेको छ।

हाल इरानसँगको अमेरिका–इजरायल द्वन्द्वमा औपचारिक युद्धविराम भए पनि यसको प्रभाव विश्वव्यापी रूपमा फैलिएको छ। इरानले हर्मुज जलडमरु बन्द गरेपछि तेल, ग्यास र मलको आपूर्ति अवरुद्ध भएको छ, जसका कारण मूल्यवृद्धि र खाद्य असुरक्षाको चिन्ता बढेको छ। यसैबिच अमेरिकाले पनि इरानी बन्दरगाहहरूमा नाकाबन्दी लगाएको छ।

शनिबार अराघचीले ओमान भ्रमणका क्रममा सुरक्षित पारवहन सुनिश्चित गर्ने विषयमा छलफल गर्नुभएको थियो। उहाँले सामाजिक सञ्जालमार्फत हर्मुजमार्फत सुरक्षित आवतजावत सबै देशहरूको हितमा रहेको उल्लेख गर्दै छिमेकी राष्ट्रहरूलाई प्राथमिकतामा राखिएको बताउनुभयो।

तर, इरानको रिभोलुसनरी गार्ड्सले भने हर्मुज जलडमरुमा लगाइएको नाकाबन्दी हटाउने कुनै सङ्केत दिएको छैन। उनीहरूले यसलाई आफ्नो रणनीतिक दबाबको महत्त्वपूर्ण माध्यमका रूपमा प्रस्तुत गरेका छन्, जसले क्षेत्रीय शक्ति सन्तुलनमा प्रभाव पारिरहेको छ।

यसैबिच मध्यपूर्वको अर्को मोर्चामा पनि तनाव चर्किएको छ। इजरायल र हिजबुल्लाहबिच लेबनानमा युद्धविराम उल्लङ्घनको आरोप-प्रत्यारोप जारी छ।

हिजबुल्लाहले भने इजरायलको निरन्तर आक्रमण र कब्जाको प्रतिकार गरेको दाबी गरेको छ। लेबनानको स्वास्थ्य मन्त्रालयका अनुसार दक्षिणी क्षेत्रमा भएको इजरायली आक्रमणमा दुई महिला र दुई बालबालिकासहित १४ जनाको मृत्यु भएको छ भने ३७ जना घाइते भएका छन्। केफर टिबनिट र जव्तार अल-शार्किया क्षेत्रमा आक्रमण हुँदा संरचनागत क्षति पनि भएको जनाइएको छ।

इजरायलले आफ्नो एक सैनिक मारिएको पुष्टि गर्दै सम्भावित र भइरहेका खतराविरुद्ध अग्रिम कारबाही गर्ने नीति दोहोर्‍याएको छ।

# ईयूको 'मेड इन युरोप' योजनामाथि चीनको कडा आपत्ति

पेइचिङ, २७ अप्रिल (एएफपी)। युरोपेली सङ्घ (ईयू) ले आफ्ना उद्योगलाई सुदृढ बनाउने उद्देश्यले अघि सारेको 'मेड इन युरोप' योजनाप्रति चीनले तीव्र असन्तुष्टि जनाउँदै प्रतिकारात्मक कदम चाल्ने चेतावनी दिएको छ। विशेषगरी रणनीतिक क्षेत्रहरूमा विदेशी कम्पनीहरूलाई सीमित गर्ने खालका प्रावधानले चिनियाँ कम्पनीहरूको हितमा प्रत्यक्ष असर पर्ने भन्दै बेइजिङले यसलाई 'प्रणालीगत भेदभाव' को संज्ञा दिएको छ।

ईयूले गत मार्चमा सार्वजनिक कोषमा पहुँच चाहने कम्पनीहरूका लागि नयाँ नियमहरू सार्वजनिक गरेको थियो, जसअनुसार कार, हरित प्रविधि र इस्पातजस्ता क्षेत्रहरूमा काम गर्ने कम्पनीहरूले निश्चित मात्रामा ईयूभित्रै उत्पादन गरिएका सामग्री प्रयोग गर्नुपर्ने व्यवस्था प्रस्ताव गरिएको छ। यो प्रस्ताव लामो समयदेखि चलिरहेको छलफल र विवादपछि आएको हो, जसको लक्ष्य युरोपेली उद्योगको प्रतिस्पर्धात्मक क्षमता पुनःस्थापित गर्नु, औद्योगिक गिरावट रोक्नु र रोजगारी जोगाउनुरहेको छ।

चीनको वाणिज्य मन्त्रालयले सोमबार जारी गरेको विज्ञप्तिमा ईयूको प्रस्तावप्रति गम्भीर चिन्ता व्यक्त गर्दै युरोपेली कमिसनसमक्ष आफ्ना टिप्पणीहरू पेश गरिसकेको जनाएको छ। यदि ईयूले यो योजना लागू गरेमा चिनियाँ उद्यमहरूको वैध अधिकार र हितमा क्षति पुग्ने भन्दै चीनले आवश्यक परे प्रतिरोधात्मक उपायहरू अपनाउने स्पष्ट सङ्केत दिएको छ।

ईयूभित्रका व्यवसायहरूले भने लामो समयदेखि भारी सरकारी अनुदान पाएका चिनियाँ कम्पनीहरूसँग प्रतिस्पर्धा गर्न गाह्रो भएको गुनासो गर्दै आएका छन्। यसै पृष्ठभूमिमा 'इन्डस्ट्रियल एक्सेलेरेटर एक्ट' नाम दिइएको यो प्रस्तावले विदेशी कम्पनीहरूलाई युरोपेली साझेदारसँग सहकार्य गर्न र प्रविधि हस्तान्तरण गर्न बाध्य बनाउने व्यवस्था पनि समेटेको छ, जसले विशेषगरी चिनियाँ ब्याट्री र विद्युतीय सवारी उत्पादकहरूलाई असर पार्ने देखिन्छ।

यसैबिच, ईयूका लागि चिनियाँ चेम्बर अफ कमर्सले पनि उक्त योजना संरक्षणवादी नीतितर्फको सङ्केत भएको भन्दै यसले दुई पक्षबिचको व्यापारिक सहकार्यमा नकारात्मक प्रभाव पार्न सक्ने चेतावनी दिएको छ।

# सन फार्माले अर्गानन किन्न सहमति

मुम्बई, २७ अप्रिल (एएफपी)। भारतीय औषधि उद्योगले विश्व बजारमा आफ्नो प्रभाव विस्तार गर्ने क्रममा ठूलो कदम चालेको छ। भारतको सन फार्मास्युटिकल्सले अमेरिकी महिला स्वास्थ्य सेवा कम्पनी अर्गाननलाई ११ अर्ब ७५ करोड डलरमा खरिद गर्ने सम्झौता गरेको घोषणा गरेको छ। यसलाई भारतीय औषधि कम्पनीहरूको रणनीतिक रूपान्तरणको महत्त्वपूर्ण सङ्केतका रूपमा हेरिएको छ।

सोमबार सार्वजनिक गरिएको संयुक्त विज्ञप्तिअनुसार सन फार्माले अर्गाननका लगानीकर्ताहरूसँग रहेको सबै जारी सेयरहरू प्रतिसेयर १४ डलरका दरले पूर्ण नगद कारोबारमार्फत खरिद गर्नेछ। दुवै कम्पनीका सञ्चालक समितिबाट स्वीकृत भइसकेको यो सम्झौता आवश्यक नियामक तथा सेयरधनी अनुमोदन प्राप्त भएपछि सन् २०२७ को सुरुतिर अन्तिम रूप पाउने अपेक्षा गरिएको छ।

सन फार्माका अध्यक्ष दिलीप साङ्घवीले अर्गाननको पोर्टफोलियो, प्राविधिक क्षमता र विश्वव्यापी उपस्थितिले आफ्नै व्यवसायलाई थप सुदृढ बनाउने विश्वास व्यक्त गर्नुभयो। उहाँका अनुसार दुई कम्पनीको संयोजनले अझ व्यापक र विविध प्लेटफर्म निर्माण गर्नेछ, जसले भविष्यको प्रतिस्पर्धामा मजबुत आधार तयार पार्नेछ।

कम्पनीले यो अधिग्रहण आफ्नो 'इनोभेटिभ मेडिसिन' व्यवसाय विस्तार गर्ने दीर्घकालीन रणनीतिसँग मेल खाने जनाएको छ। यसमार्फत सन फार्मा बायोसिमिलर औषधि क्षेत्रमा प्रवेश गर्दै विश्वका शीर्ष १० कम्पनीमध्ये स्थान बनाउने दिशामा अघि बढ्ने लक्ष्य राखिएको छ।

अर्गाननको प्रमुख केरी कक्सले पनि यस सम्झौताले आफ्ना सेयरधनीहरूलाई तत्काल र आकर्षक मूल्य प्रदान गरेको उल्लेख गर्नुभयो। उहाँले यो सहकार्यले कम्पनीको भविष्यलाई थप मजबुत बनाउने विश्वास व्यक्त गर्नुभयो।

भारतलाई विश्वको 'फार्मेसी' भनेर चिनिन्छ। यस मुलुकबाट गत आर्थिक वर्षमा मात्र ३१ अर्ब डलरभन्दा बढी मूल्यका औषधि निर्यात भएका छन्। परम्परागत रूपमा भारतीय कम्पनीहरूले सस्तो जेनेरिक औषधिमा आधारित व्यापार गर्दै आएका थिए, तर पछिल्ला वर्षहरूमा उनीहरू उच्च मूल्यका जटिल उपचार र नवप्रवर्तनतर्फ अग्रसर हुँदै गएका छन्।

यस पृष्ठभूमिमा सन फार्मा–अर्गानन सम्झौतालाई केवल एक व्यावसायिक कारोबार मात्र नभई भारतीय औषधि उद्योगको बदलिँदो दिशाको प्रतीकका रूपमा देखिएको छ, जसले विश्व बजारमा प्रतिस्पर्धा गर्ने क्षमतामा नयाँ आयाम थप्ने अपेक्षा गरिएको छ।

# होक्काइडोमा ६.२ म्यागिनच्युडको भूकम्प

टोकियो, २७ अप्रिल (एएफपी)। जापानको उत्तरी टापु होक्काइडोमा सोमबार बिहान ६.२ म्यागिनच्युडको शक्तिशाली भूकम्प आएपछि त्यहाँ थप ठूला झट्काको सम्भावना बढेको भन्दै सतर्कता बढाइएको छ। पछिल्ला दिनहरूमा लगातार देखिएको भूकम्पीय गतिविधिको शृङ्खलाबिच आएको यो कम्पनले जोखिम अझै टरेको छैन भन्ने सङ्केत दिएको छ।

जापानी मौसम विज्ञान एजेन्सी (जेएमए) का अनुसार भूकम्प स्थानीय समयअनुसार बिहान ५:२३ बजे होक्काइडोको दक्षिणी क्षेत्रमा केन्द्रित भएर आएको हो। यसको गहिराइ करिब ८३ किलोमिटर रहेको जनाइएको छ, जुन प्रारम्भिक ६.१ म्यागिनच्युडको अनुमानलाई संशोधन गर्दै ६.२ कायम गरिएको हो।

यस भूकम्पपछि कुनै सुनामी चेतावनी जारी नगरिएको भए पनि प्रभावित क्षेत्रमा बलियो कम्पन महसुस गरिएको थियो। अमेरिकी भूगर्भीय सर्वेक्षणले जनसङ्ख्या कम रहेको क्षेत्र नजिक केन्द्रित भएकाले ठूलो जनधन क्षतिको सम्भावना न्यून रहेको आकलन गरेको छ। यद्यपि, जेएमएका अधिकारीहरूले शक्तिशाली कम्पन भएका स्थानहरूमा चट्टान खस्ने र भूस्खलनको जोखिम बढेको चेतावनी दिएका छन्।

जेएमएले आगामी केही दिन तथा हप्तामा यस्तै स्तरका थप भूकम्प आउन सक्ने उच्च सम्भावना रहेको उल्लेख गर्दै स्थानीय बासिन्दालाई सतर्क रहन आग्रह गरेको छ। यसअघि केही घण्टा अगाडि नै होक्काइडोभन्दा केही सय किलोमिटर दक्षिण समुद्री क्षेत्रमा ५.० म्यागिनच्युडको अर्को भूकम्प आएको थियो, जसले क्षेत्रको भूकम्पीय सक्रियता निरन्तर बढिरहेको सङ्केत दिएको छ।

यो घटनाक्रम गत हप्ता उत्तरी इवाटे प्रान्तमा आएको ७.७ म्यागिनच्युडको शक्तिशाली भूकम्पपछि आएको हो, जसले ठूलो क्षति नगरे पनि देशभर त्रास फैलाएको थियो। उक्त भूकम्पको प्रभाव राजधानी टोकियोसम्म पुगेको थियो, जहाँ ठूला भवनहरू हल्लिएका थिए र छ जना घाइते भएका थिए। साथै, इवाटे क्षेत्रमा करिब ८० सेन्टिमिटर उचाइका सुनामी छालहरू देखिएका थिए भने अन्य उत्तरी क्षेत्रमा साना छालहरू ठोक्किएका थिए।

त्यसपछि जेएमएले ८.० वा सोभन्दा माथिको शक्तिशाली भूकम्प आउने सम्भावना सामान्य अवस्थाभन्दा बढी रहेको चेतावनी दिएको थियो। अहिलेको ६.२ म्यागिनच्युडको भूकम्पलाई पनि सोही शृङ्खलाको एक हिस्सा मानिएको छ।

जापान प्रशान्त महासागरको 'रिङ अफ फायर' क्षेत्रमा पर्ने भएकाले विश्वकै सबैभन्दा भूकम्पीय रूपमा सक्रिय देशमध्ये एक हो। चार प्रमुख टेक्टोनिक प्लेटहरूको सङ्गममा रहेको यस देशमा हरेक वर्ष करिब एक हजार ५०० पटक भूकम्प आउने गरेका छन्। यो विश्वभरका कुल भूकम्पको झन्डै १८ प्रतिशत हो।

सन् २०११ मा जापानमा आएको ९.० म्यागिनच्युडको विनाशकारी भूकम्प र त्यसपछिको सुनामीले १८ हजार ५०० भन्दा बढी मानिसको ज्यान गएको वा बेपत्ता भएको थियो। त्यसयता जापानले भूकम्प पूर्वतयारी र जोखिम न्यूनीकरणमा ठूलो लगानी गर्दै आएको भए पनि पछिल्ला गतिविधिहरूले पुनः सतर्क रहनुपर्ने अवस्था देखाएका छन्।

# पानीको विवादमा चाडमा ४२ जनाको मृत्यु

एनडजेमेना (चाड), २७ अप्रिल (एपी)। पूर्वी चाडमा पानीको स्रोतलाई लिएर सुरु भएको स्थानीय विवाद तीव्र प्रतिशोधात्मक हिंसामा परिणत हुँदा कम्तीमा ४२ जनाको ज्यान गएको छ। सुडान सीमासँग जोडिएको क्षेत्रमा भएको यो घटना स्रोत अभाव र बढ्दो अस्थिरताले कसरी ठूलो मानवीय सङ्कट निम्त्याउन सक्छ भन्ने उदाहरणका रूपमा देखिएको छ।

उपप्रधानमन्त्री लिमाने महामतका अनुसार शनिबार वाडी फिरा प्रान्तको इगोटे गाउँमा दुई परिवारबिच पानी प्रयोगको विषयमा सुरु भएको झडप चाँडै व्यापक हिंसामा परिणत भएको थियो। घटनामा १० जना घाइते भएका छन्। उनीहरूलाई प्रान्तीय स्वास्थ्य केन्द्रमा उपचारका लागि लगिएको छ।

महामतले झडप एकै ठाउँमा सीमित नरही वरपरका क्षेत्रमा फैलिँदै गएको बताउँदै त्यसलाई नियन्त्रणमा लिन सेना परिचालन गर्नुपरेको जानकारी दिनुभयो। उहाँका अनुसार सुरक्षाकर्मीको 'द्रुत हस्तक्षेप' का कारण स्थिति नियन्त्रणमा ल्याउन सफल भएको र अहिले अवस्था सामान्यतर्फ फर्किएको छ।

सरकारले घटनापछि गाउँस्तरमा परम्परागत सहमति-समाधान प्रक्रिया अघि बढाउने र दोषी पहिचान गरी कानुनी कारबाही सुरु गर्ने घोषणा गरेको छ। यसले स्थानीय स्तरमा विवाद समाधान र दीर्घकालीन शान्ति कायम गर्ने प्रयासलाई जोड दिने सङ्केत गरेको छ।

चाडमा यस्ता अन्तरसामुदायिक झडपहरू नयाँ होइनन्। विशेषगरी पानी, जमिन र चरनजस्ता सीमित स्रोतहरूमा निर्भर समुदायबिच बारम्बार विवाद हुने गरेको छ। गत वर्ष पनि दक्षिणपश्चिमी क्षेत्रमा किसान र गोठालाबिच भएको हिंसामा ४२ जनाको मृत्यु भएको थियो भने धेरै घरहरू जलाइएको थियो।

पूर्वी चाडका क्षेत्रहरू अहिले अझ संवेदनशील अवस्थामा छन्, जहाँ सुडानमा जारी द्वन्द्वका कारण हजारौँ शरणार्थीहरू आश्रय लिएर बसेका छन्। यसले स्थानीय स्रोतहरूमा थप दबाब सिर्जना गरेको छ र सुरक्षाको चुनौती बढाएको छ।

सीमापारबाट सशस्त्र समूहहरू प्रवेश गर्ने घटनाहरू बढेपछि चाड सरकारले फेब्रुअरीदेखि 'अर्को सूचना नआउन्जेल' का लागि सुडानसँगको सीमा बन्द गरेको थियो। सरकारका अनुसार सीमा क्षेत्रको स्थायित्व कायम राख्न आवश्यक सबै उपायहरू अपनाइनेछन्।

# मई दिवस : एक महत्त्वपूर्ण अविस्मरणीय वर्गसङ्घर्ष

✍ राजु तामाङ, काभ्रे

१८८६ मई १ को दिन अमेरिकाको सिकागोलगायत देशका सारा औद्योगिक सहरहरूमा ज्याला वृद्धि, ८ घण्टा काम, ८ घण्टा आराम र ८ घण्टा मनोरञ्जनको मागसहित मजदुरहरूले गरेको अभूतपूर्व प्रदर्शन, हडताल र सङ्घर्षले सफलता प्राप्त गरेको दिन हो ।

वर्गीय समाजमा वर्गसङ्घर्ष अवश्यम्भावी छ । जहाँ शोषण र दमन हुन्छ त्यहाँ विद्रोह र क्रान्ति अवश्य हुने गर्छ । यो वर्गीय अन्तरविरोधी सङ्घर्षको नियम नै हो । अर्थात्, मई दिवस पुँजीवादी शोषण, दमन, अन्याय, अत्याचार र उत्पीडनको विरुद्ध संसारकै कामदार जनता एक भई लड्न प्रण गरेको दिन हो । मई आन्दोलनलाई वर्गीय मुक्ति अभियानको रूपमा आज पनि संसारभरकै मजदुरहरूले स्मरण गर्दै छन् । मई दिवसकै कारण पुँजीवादी अमेरिकी सरकार मात्रै होइन, संसारका सम्पूर्ण तानाशाही एवं पुँजीवादी सरकार मजदुरहरूको ८ घण्टाको कार्यदिनको माग पूरा गर्न बाध्य भयो ।

सन् १८४० देखि १८५० सम्ममा अमेरिकामा औद्योगिक क्रान्ति भयो । रेल यातायातको विकासबाट व्यापार, उद्योग तथा कलकारखानाहरूको विकास पनि तीव्र भयो । कोइला, तामा र काठपातको अपार भण्डार भएको अमेरिकामा औद्योगिक मजदुरहरूको सङ्ख्या दैनिक बढ्दै जानु अस्वाभाविक भएन । यसरी औद्योगिक उत्पादनको हिसाबले अमेरिका विश्वको पाँचौँ देशको रूपमा स्थापित हुन पुग्यो । सन् १८६० तिर संरा अमेरिकाको कुल जनसङ्ख्या ३ करोड १० लाखमा १८ लाख जनता मजदुरवर्गमा परिणत भयो । उद्योगहरूमा काम गर्ने मजदुरहरूको एउटा ठुलो हिस्सा केटाकेटी थियो । सन् १८६५ सम्ममा औद्योगिक उत्पादनमा संरा अमेरिका संसारको चौथो स्थानमा पुग्यो । १८७० मा तेल झिक्ने उद्योगको विकासबाट मजदुरहरूको सङ्ख्यामा लाखौँले वृद्धि भयो ।

पुँजीवादको विकाससँगसँगै आर्थिक विषमता बढ्दै गयो । पुँजीपतिवर्ग र मजदुरवर्गबिचको खाडल झन्झन् फराकिलो हुँदै गयो । धनी झन्झन् धनी हुँदै जानु, गरिब झन्झन् गरिब हुँदै जानु नै पुँजीवादको विशेषता हो । दिनमा १८ देखि २० घण्टासम्म काम गर्दा पनि मजदुरहरू दुई छाक खान पाउँदैन थिए । आफ्ना बालबच्चाहरूलाई पढाउनु त कता हो कता एकसरो कपडा लगाइदिन र भरपेट ख्वाउन पनि तिनीहरूलाई धौधौ पर्दथ्यो । यसले गर्दा केटाकेटी र बुढाबुढीलाई समेत कारखानामा कडाभन्दा कडा श्रम गर्न लगाइन्थ्यो । त्यसैले मार्क्स र एङ्गेल्सले कम्युनिस्ट घोषणापत्रमा लेख्नुभएको छ, "मजदुरहरूलाई औसत रूपले त्यति मात्र ज्याला दिइन्छ जति उसलाई बाँच्नको निम्ति आवश्यक पर्दछ अर्थात् त्यति नपाएको खण्डमा मजदुरहरू बाँच्न सक्दैनन् । यसकारण, मिहेनत गर्ने मजदुरहरूले आफ्नो कडा परिश्रमबाट जति ज्याला पाउँछ त्यसबाट आफ्नो र जहान परिवारको गुजारा मुस्किलले चलाउन सक्दछ । मजदुर बाँच्न नसक्ने खण्डमा फेरि मजदुर कहाँबाट आउला ?" दिनभरि काम गरिसकेपछि मजदुरहरू आफ्नो छाप्रोमा फर्कन्थे । सबभन्दा सस्तो खानेकुरा रोटी थियो । तिनीहरू बिहान कफी र सुख्खा रोटी खान्थे भने दिउँसो धेरैजसो एकटुक्रा प्याजसँगै सुख्खा रोटी चपाउँथे । बेलुकी पनि अधिकांशको खाना रोटी नै हुन्थ्यो । डेराको भाडा कम गर्न एउटै कोठामा पनि ८-१० जना मजदुरहरू बस्न बाध्य थिए ।

सन् १८५० देखि १८६० को दशकमा अमेरिकामा धेरै मजदुर सङ्गठन बन्यो । २० अगस्ट १८६६ मा साठी वटा देशका मजदुर सङ्गठनका प्रतिनिधिहरू बाल्टिमोरमा जम्मा भए । त्यस भेलाबाट नेसनल लेवर युनियनको स्थापना भयो । मजदुरहरूको राष्ट्रिय सङ्गठनको आन्दोलन विलियम एच सिल्विसको नेतृत्वमा अगाडि बढ्यो । सन् १८६६ मा नेसनल लेवर युनियन स्थापनाको समयमा भएको अधिवेशनमा यस्तो प्रस्ताव पारित गरिएको थियो "यो देशका मजदुरहरूलाई पुँजीवादी शोषणको दासताबाट मुक्त गर्नका लागि एउटा यस्तो कानुन बनाइयोस् जसले अमेरिकाको हर प्रान्तमा ८ घण्टालाई कामको दिन भनेर निश्चित गर्दछ । यसका लागि हामी हाम्रो सारा शक्ति लगाउने निश्चय गर्दछौँ ।" तर, सन् १८६९ मा सिल्विसको असामयिक निधन भयो । त्यसपछि मजदुर युनियनमा खराब तत्त्वहरूको प्रवेशले गर्दा नेसनल लेवर युनियनको बदनाम भयो र त्यो विषय त्यतिकै हरायो ।

१८७० को दशकमा पनि मजदुर आन्दोलन अमेरिकामा सन् १८७० देखि १८८० को संरा अमेरिकी श्रमिक आन्दोलनको इतिहासमा एक महत्त्वपूर्ण अवधि थियो । १८७० के दशकमा भएका मजदुर आन्दोलनहरूमध्ये रेल मजदुरहरूको आन्दोलन उल्लेखनीय छ । सन् १८७७ मा भएको ऐतिहासिक मजदुर आन्दोलनलाई दबाउन पुँजीपतिवर्गले सेना र स्वयंसेवकको नाममा गुन्डाहरू प्रयोग गरे । रेल मजदुरहरूको त्यस हडतालमाथि गोलीको वर्षा गर्न पुँजीपतिवर्ग पछि हटेनन् । दमनका कारण आन्दोलन चर्किन मद्दत पुग्यो, मजदुरहरू अलिकति पनि झुकेनन् । अरु औद्योगिक मजदुर र किसानहरूले पनि रेल्वे मजदुरहरूको समर्थन गरे । पिट्सवर्ग, बाल्टिमोर, सिकागोलगायतका प्रमुख सहरहरूमा आन्दोलनरत मजदुर र सिपाहीहरूबिच चर्काचर्की र भिडन्तहरू भए । ती भिडन्तमा कमसेकम ३ सय मजदुर मारिए । अमेरिकाका सहरहरू सहिदहरूको रगतबाट रङ्गिए । सुतेका मजदुरहरूलाई त्यस हत्याकाण्डले झकझक्यायो । मजदुरहरूको त्यस आन्दोलनले क्षणिक हार खाए पनि भुसको आगोजस्तै त्यो आन्दोलनको आगो भित्रभित्रै बलिरहयो ।

मजदुरहरूको आन्दोलनको सिलसिला रोकिएन । सङ्घर्षकै क्रममा मजदुरहरूले थुप्रै अनुभवहरू हासिल गर्दै थिए । उनीहरूको उत्साह र लडाकुपन बढ्दै थियो । मार्क्स र एङ्गेल्सले लगाउनुभएको नारा "विश्वका मजदुर एक हौँ" विश्वभर फैलिंदै थियो । अमेरिकी मजदुरहरूमा मार्क्सवादको प्रभाव बढ्दै थियो तर त्यहाँ मजदुरहरूको नेतृत्व गर्ने कम्युनिस्ट पार्टीको स्थापना भने भइसकेको थिएन ।

सन् १८४८ मा सर्वहारा वर्गका गुरु कार्लमार्क्सले मजदुरहरूको वास्तविक मुक्तिको बाटो प्रस्ट पारिसक्नुभएको थियो । मजदुर आन्दोलनलाई तलब वृद्धि र कामको घण्टा कम गर्ने आदि स-साना मागहरूमा सीमित नगरी




मजदुरवर्गकै राज्यसत्ता स्थापना गर्ने मुख्य लक्ष्यमा परिणत गर्नु नै मार्क्सवादको सार हो । मार्क्सवादी साहित्यको प्रचारप्रसारको प्रभाव अमेरिकी मजदुर नेताहरूमा पर्दै गयो । आन्दोलनलाई नयाँ दिशामा लग्ने तयारी हुन थाल्यो । सन् १८८० को दशकमा अमेरिकामा औद्योगिक विकास तीव्र रूपमा भयो । तर, त्यहाँ सन् १८८४ र १८८५ मा ठुलो आर्थिक मन्दी आयो । यस अवधिमा मजदुरहरूको बेरोजगारको समस्या चर्को भयो । यसबाट मजदुर आन्दोलनको विकासमा थप टेवा पुग्यो । ८ घण्टाको कामको दिनको नारा व्यापक श्रमिकहरूमा लोकप्रिय बन्दै गइरहेको थियो । अमेरिकाका मजदुर सङ्गठनहरू सन् १८८६ को मई १ बाट पुन: मजदुर आन्दोलनको आँधीबेहरी ल्याउने घोषणाको तयारीमा लागे । मई आन्दोलनको तयारी सन् १८८५ देखि हुन थालेको थियो । १८८४ सम्म भएको हडतालमा मजदुरको औसत सङ्ख्या करिब डेढ लाख जति थियो । सन् १८८५ मा ७ सय हडताल र आन्दोलनहरूमा भाग लिने मजदुरको सङ्ख्या झण्डै २ लाख ५० हजार पुगेको थियो । सन् १८८६ सम्ममा १८८५ मा भन्दा दुई गुणा बढी अर्थात् १५७२ वटा हडतालहरू भयो भने सहभागी मजदुरहरूको सङ्ख्या ६ लाखसम्म पुगेको थियो ।

सन् १८८५ मा २४६७ वटा उद्योगमा हडतालहरू भएको थियो भने सन् १८८६ मा यो सङ्ख्या बढेर ११ हजार ५६२ सम्म पुगेको थियो ।

सन् १८८६ मई १ को दिन ज्याला वृद्धि गर्ने र ८ घण्टाको कार्यदिनको माग पूरा गराउन देशव्यापी रूपमा हडताल गर्ने आह्वान भएअनुसार व्यापक तयारी थियो । १ मईका दिन देशभरिका सबै कलकारखानाहरू र यातायात बन्द गर्ने तयारी भयो । तर, पुँजीपतिवर्गका अखबारहरूले आन्दोलनलाई दबाउन विभिन्न कुचेष्टाहरू गरे । आन्दोलनकारीहरूमाथि बम हानेर दबाउनुपर्छ भन्ने प्रचार गरियो । हडतालमा भाग लिने मजदुर नेताहरूलाई मार्ने धम्की दिइयो । तर, डर र धम्कीको कुनै परवाह नगरी मजदुरहरू आन्दोलन सफल पार्नेतिर लागे । "सडकको हरेक बत्तीका खम्बाहरू कम्युनिस्टको लासले सिङ्गार्नुपर्छ" र "हुलदङ्गालाई गोली, तिनीहरूको नेतालाई डोरी" भन्ने पुँजीपतिवर्गको धम्कीबाट मजदुरहरू पछि हट्ने कुरै थिएन । किनभने, सर्वहारावर्गसँग हार्नको निम्ति उसको हातमा बाँधिएको सिक्रीबाहेक अरु केही पनि छैन तर जित्नको निम्ति उसको अगाडि सारा संसार छ । त्यसअनुरूप आफूलाई पशुसरह व्यवहार गर्ने, शोषण, दमन र अत्याचार गर्ने वर्गशत्रुप्रति मजदुरहरूको घृणाले आन्दोलन सफल हुने सम्भावना प्रबल थियो । मजदुरहरूले आन्दोलन सफल बनाउन जोडतोडका साथ तयारी गर्दै थिए । तर, पुँजीपतिवर्ग र प्रतिक्रियावादीहरू आन्दोलन दबाउने तयारी गर्दै थिए । आन्दोलनको केन्द्रबिन्दु सिकागोमा थुप्रै प्रहरी, सिपाही, गुन्डा, डाँकु र जासुसहरू थुपारिए । मई १ को दिन देशभर हडताल सुरु भयो । सिकागो हडतालमा ४० हजार मजदुरहरूले भाग लिए । वातावरण तनावपूर्ण थियो । मजदुरहरूको नसानसाको रगत उम्लिरहेको थियो । सबैले जोसका साथ एकै स्वरमा नारा लगाए, "८ घण्टाको कामको दिन लागू गर ।" पुँजीपतिवर्ग र त्यसका सिपाहीँ प्रहरी, गुन्डा र जासुसहरू हिंस्रक पशुझैँ निहुँ खोज्दै थिए । हडताल दोस्रो दिन पनि चल्यो । दोस्रो दिनसम्ममा सिकागोमा आन्दोलनरत मजदुरहरूको सङ्ख्या ८० हजार पुग्यो । सिकागोको स्थिति तनावपूर्ण बन्दै गयो । १ र २ मईको आन्दोलन शान्तिपूर्ण नै रहयो । मई ३ को दिन एकाएक पुलिसले गोली चलाएर ५ जना मजदुरको हत्या गऱ्यो । ५० जना मजदुर गम्भीर घाइते भए । उक्त हत्याकाण्डको विरोधमा मई ४ को दिन विरोध सभा भइरहेको बेलामा केही सरकारी गुन्डाहरूलाई प्रयोग गरी पुलिसमाथि बम प्रहार गर्न लगाएर सरकारले दमनको नयाँ नीति लियो । बम पड्केर ७ प्रहरीको मृत्यु भयो । यसैलाई निहुँ बनाएर सरकारले पुलिस र सेनाको प्रयोग गरी थुप्रै मजदुरहरूको हत्या गऱ्यो । अनगिन्ती मानिसहरू घाइते भए । प्रशासनले ८ मजदुर नेतासहित हजारौँलाई गिरफ्तार गऱ्यो । सरकारले सम्पूर्ण बम काण्डको दोष मजदुर नेताहरूमाथि लगायो र तिनीहरूको विरुद्धमा मुद्दा चलायो । न्यायको पगरी गुथेर बसेका न्यायमूर्तिहरू निर्दोष मजदुर नेताहरूलाई मृत्युदण्ड सुनाउन तयारी गर्दै थिए । तर, मजदुर नेताहरूले मृत्युलाई पनि चुनौती दिए । वीरहरू मृत्युलाई स्वीकार्छन् तर प्रतिक्रियावादीहरूसामु झुक्दैनन् । अदालतको कठघरामा पनि ती मजदुर नेताहरू त्यतिकै जोशिला र जिउँदा देखिन्थे । भविष्यप्रति आशावादी ती नेताहरूमा पश्चाताप तथा दुःखको सट्टा वर्गशत्रुहरूप्रति घृणाको भावना भरिएको थियो । पुँजीवादी न्यायालयले हडताली मजदुर नेतामध्ये ४ जनालाई फाँसी दिने फैसला गऱ्यो । पुँजीपतिवर्गले ती मजदुर नेताहरूलाई फाँसी दिएरै छोड्यो र न्यायको हत्या भयो । यो समाचार संसारभर बिजुलीजस्तै फैलियो । सम्पूर्ण मजदुरहरू रिसले उठे । पुँजीपतिवर्गसँग बदला लिन सारा संसारका मजदुरहरू सङ्घर्षको मैदानमा उत्रेर अगाडि बढे । मई आन्दोलनको नेताहरूको सहादत नै त्यो सङ्घर्षको अन्त्य थिएन ।

सन् १८८६ को मई आन्दोलनको क्रान्तिकारी भावनालाई हृदयङ्गम गरी १४ जुलाई १८८९ मा एङ्गेल्सको समेत उपस्थिति रहेको संसारका मजदुरहरूको पेरिस बैठकले १८९० मई १ को दिनदेखि संसारभर प्रत्येक वर्ष मई आन्दोलनलाई मे दिवसको रूपमा मनाउने निर्णय गऱ्यो । १८९० मई १ को दिन युरोपको सबैजस्तो देशमा ८ घण्टाको कार्यदिनको माग लिएर प्रदर्शन भयो ।

मई दिवसबारे एङ्गेल्सले भन्नुभएको छ, "मईको प्रदर्शन सर्वहारावर्गको युगान्तकारी घटना मात्र होइन यो मजदुरवर्गको एउटा पहिलो जुझारु अन्तर्राष्ट्रिय कारबाही हो । यसले विभिन्न देशमा अति सुखद सफलताको सम्भावना प्रदान गरेको छ ।" सन् १८९३ मा दोस्रो अन्तर्राष्ट्रिय ज्युरिख कङ्ग्रेसले मई दिवसको प्रदर्शनलाई ८ घण्टाको कार्यदिनको साथ सामाजिक परिवर्तन, वर्गभेदको अन्त्य गर्न श्रमिकवर्गको सुदृढ सङ्कल्पको रूपमा पनि प्रदर्शनलाई लिनुपर्दछ भन्ने निर्णय गरेर मजदुर आन्दोलनलाई अझ उचाइमा विकास गर्न सहयोग पुऱ्यायो । मई आन्दोलनको सिलसिलामा मजदुर नेताहरूलाई फाँसी दिएको ७ वर्षपछि सरकारको होस खुल्यो । सरकारले त्यसबेला न्यायको हत्या भएको स्वीकाऱ्यो । यसरी सङ्घर्षको कारण ८ घण्टाको कामको दिन सुनिश्चित भयो । मजदुरवर्गको यो ठुलो विजय थियो । आज संसारभर ८ घण्टाको कार्यदिन लागू हुनुमा मई आन्दोलनको ऐतिहासिक योगदान र महत्त्व रहेको छ ।

# वन्यजन्तुमैत्री छैन सिक्टाको पश्चिमी मूल नहर

राँझा (बाँके), १४ वैशाख । जिल्लामा निर्माणाधीन सिक्टा सिँचाइ आयोजनाको पश्चिमी मूलनहर वन्यजन्तुमैत्री नहुँदा अकालमै वन्यजन्तु मर्ने गरेका छन् ।

प्यास मेटाउन पुग्ने वन्यजन्तु नहरमै फसेर मर्ने गरेका हुन् । सिक्टा सिँचाइको पश्चिमी मूलनहरको अधिकांश भाग बाँके राष्ट्रिय निकुञ्ज क्षेत्र, सामुदायिक वन, राष्ट्रिय वन तथा सरकारद्वारा व्यवस्थित गरिएको चक्ला वन क्षेत्रमा पर्ने भएकाले जोखिम बढ्दो छ ।

गर्मीयाम सुरु भएसँगै हरेक दिनजसो पानी पिउन नहरमा पुग्ने वन्यजन्तु नहरमा मर्ने गरेको डिभिजन वन कार्यालयका सूचना अधिकारी टङ्क गुरुङले बताउनुभयो । उहाँका अनुसार पछिल्लोपटक शनिबारमात्र एकैदिन हरलाफाँटा सामुदायिक वन क्षेत्रको नहरमा चारवटा चित्तल फसेका थिए । स्थानीय वनका पदाधिकारी, स्थानीय, वन कर्मचारी तथा निकुञ्ज कर्मचारीको संयुक्त प्रयासमा उनीहरूलाई सकुशल उद्धार गरी सुरक्षित वन क्षेत्रमा छाडिएको छ ।

यसअघि राप्तीसोनारी गाउँपालिका-२ खोरियास्थित नहरमा शुक्रबार पानीमा फसेको मृगलाई मारेर मासु भागवण्डा गरेर घरतिर जाँदै गर्दा स्थानीय तीन जना पक्राउ परेका छन् । मासु बोकेर घर जाँदै गर्दा उनीहरूलाई वन क्षेत्रमै बाँके राष्ट्रिय निकुञ्ज, डिभिजन वनका कर्मचारी र स्थानीयले पक्राउ गरेका थिए ।

डिभिजन वन कार्यालयका वरिष्ठ वन अधिकृत सुशील सुवेदीका अनुसार वन्यजन्तु पानी पिउनका लागि नहरमा जाने गर्दछन् । पछिल्लो समयमा त डढेलोका कारण पनि धेरै वन्यजन्तु नहरमा फस्ने गरेका छन् । अहिले बाँके राष्ट्रिय निकुञ्ज तथा राष्ट्रिय, सामुदायिक तथा अन्य वनहरूमा डढेलो भइरहेका कारण पनि चित्तल, मृग, नीलगाई, बँदेलगायतका वन्यजन्तु भाग्दै जाँदा नहरमा फस्ने घटनामा वृद्धि भएको उहाँको भनाइ छ ।

"सिक्टा सिँचाइको पश्चिमी मूल नहरको अधिकांश स्थानमा वन क्षेत्र छ, यहाँ विभिन्न किसिमका वन्यजन्तु छन् । बाँके राष्ट्रिय निकुञ्जको वन क्षेत्र पनि यहाँ पर्दछ", वरिष्ठ वन अधिकृत सुवेदी भन्नुहुन्छ, "नहर वन्यजन्तुमैत्री छैन, हालसम्म सयौँ वन्यजन्तु नहरमा फसेका छन्, कतिपय घटना जानकारी हुँदा उद्धार गरिएका छन् भने कैयौँपटक लुकीछिपी चोरी सिकारी पनि हुने गरेका छन् ।"

वन्यजन्तुलाई पानी पिउनका लागि वनजङ्गल क्षेत्रमा पोखरी बनाइएको भए पनि पर्याप्त मात्रामा पानी छैन । त्रिशक्ति र भगवती सामुदायिक वनमा पानीसहितका पोखरी रहेका छन् तर ती पर्याप्त छैनन् । सिक्टा सिँचाइले नहरमा वन्यजन्तुलाई पानी पिउनका लागि केही स्थानमा घाट बनाए पनि ती घाट सुरक्षित र भरपर्दो नरहेको राप्तीसोनारी गाउँपालिका-२ का अगुवा मदन वली बताउनुहुन्छ । गुणस्तरीय घाट निर्माण गरेर घाटबाहेक नहरको दुवैतर्फ तारजाली निर्माण गर्न यो समस्या दीर्घकालीन रूपमा समाधान हुने उहाँको भनाइ छ । **(रासस)**

मानसिक स्वास्थ्यप्रति सचेत बनौं।

मानसिक समस्याका लक्षणः
❖निराश हुनु,
❖तनाव तथा चिन्ता महसुस हुनु,
❖बेलाबेलामा डर लाग्नु,
❖विनाकारण पसिना आउनु,
❖गहिरो निद्रा नपर्नु,
मानसिक समस्या निदानको लागिः
❖नियमित व्यायाम गरौं,
❖आफ्ना भावना खुल्लारूपमा व्यक्त गरौं,
❖परिवार र साथीहरूसँग समय बिताऔं,
❖योग, ध्यान वा मनपर्ने गतिविधिमा संलग्न होऔं,
आवश्यक परेमा चिकित्सकसँग परामर्श गरौं
नेपाल सरकार
विज्ञापन बोर्ड

# 'नेपालको वर्तमान आर्थिक स्थितिपत्र २०८३' सार्वजनिक

काठमाडौँ, १४ वैशाख । मुलुकको वर्तमान समग्र आर्थिक, सामाजिक र शासकीय अवस्थाको मूल्याङ्कनसहित सरकारले सोमबार 'नेपालको वर्तमान आर्थिक स्थितिपत्र-२०८३' सार्वजनिक गरेको छ ।

नयाँ सरकार गठनपछि अर्थ मन्त्रालयको जिम्मेवारी सम्हाल्ने बित्तिकै अर्थमन्त्री डा. स्वर्णिम वाग्लेले सो दस्तावेज तयार पार्ने निर्णय गर्नुभएको थियो । मन्त्रालयका अनुसार यो स्थितिपत्रले मुलुकको वर्तमान आर्थिक अवस्थाको वस्तुनिष्ठ चित्र प्रस्तुत गर्नुका साथै आगामी नीति, योजना र बजेट निर्माणका लागि मार्गदर्शन गर्ने उद्देश्य राखेको छ ।

सरकारले सार्वजनिक गरेको स्थितिपत्रलाई आगामी आर्थिक दिशा तय गर्ने आधार दस्ताबेजका रूपमा हेरिएको छ । पछिल्ला वर्षहरूमा सुस्त आर्थिक वृद्धि, घट्दो निजी लगानी, बेरोजगारी, बढ्दो आयात निर्भरता, कमजोर कार्यान्वयन क्षमता र वित्तीय स्रोतको सीमितताजस्ता चुनौतीबिच दस्ताबेज सार्वजनिक भएको हो ।

स्थितिपत्रले नेपालको अर्थतन्त्र अहिले अनेक चुनौतीबाट घेरिएको स्वीकार गरे पनि रूपान्तरणका लागि बहुआयामिक अवसरहरू प्रशस्त रहेको निष्कर्ष निकालेको छ । दस्ताबेजमा स्थिर सरकार, सुशासन र लगानीमैत्री नीतिगत वातावरण निर्माण गर्न सके निजी क्षेत्रको विश्वास पुनःस्थापित हुने र स्वदेशी तथा विदेशी लगानी बढ्ने उल्लेख गरिएको छ । यसबाट उत्पादनमूलक क्षेत्र विस्तार, रोजगारी सिर्जना र आर्थिक गतिविधि तीव्र हुने अपेक्षा गरिएको छ ।

नेपालसँग विशाल जलस्रोत रहेकोले सस्तो र भरपर्दो ऊर्जा उत्पादनमार्फत औद्योगिकीकरण, सेवा क्षेत्र विस्तार तथा विद्युत् निर्यातबाट स्थिर वैदेशिक आम्दानी प्राप्त गर्न सकिने स्थितिपत्रमा उल्लेख छ । क्षेत्रीय विद्युत् व्यापार विस्तारले हरित ऊर्जा बजारमा नेपालको भूमिका अझ बलियो बन्ने जनाइएको छ ।

सरकारले प्राकृतिक, धार्मिक, सांस्कृतिक र हिमाली सम्पदा नेपालको अर्को बलियो आर्थिक आधार भएको औंल्याएको छ । हिमाल, संस्कृति, समुदायमा आधारित पर्यटनको एकीकृत विकासमार्फत ग्रामीण क्षेत्रमा आय र रोजगारी सिर्जना गर्न सकिने स्थितिपत्रमा उल्लेख छ । पर्यटन पूर्वाधार, सेवा गुणस्तर, आवागमन सहजता र गन्तव्य व्यवस्थापन सुधार गर्न सके अन्तर्राष्ट्रिय प्रतिस्पर्धात्मकता बढ्ने स्थितिपत्रको निष्कर्ष छ ।

त्यसैगरी यो दस्ताबेजमा कृत्रिम बौद्धिकता, रोबोटिक्स, सूचना प्रविधि सेवा, बिजनेस प्रोसेस आउटसोर्सिङ तथा डिजिटल उद्यमशीलतालाई आगामी दशकको प्रमुख अवसरको रूपमा राखिएको छ । न्यून पुँजीमा उच्च मूल्य सिर्जना गर्ने यस्ता क्षेत्रले नेपाली युवा शक्तिलाई विश्व बजारसँग जोड्न सक्ने सम्भावना औंल्याइएको छ ।

स्थितिपत्रले कृषि क्षेत्रको आधुनिकीकरणमार्फत उत्पादन, आय र निर्यात बढाउन सकिने स्पष्ट पारेको छ । उच्च मूल्यका बाली, पशुपालन, बगैंचा विकास तथा कृषि प्रशोधन उद्योगमा लगानी बढाएर आयात प्रतिस्थापन सम्भव रहेको उल्लेख गरिएको छ ।

त्यस्तै औद्योगिक विकास, आपूर्ति शृङ्खला सुदृढीकरण, विशेष आर्थिक क्षेत्र (सेज), औद्योगिक क्लस्टर तथा व्यापार सहजीकरणलाई निर्यातमुखी अर्थतन्त्र निर्माणका प्रमुख साधन भनिएको छ । भौगोलिक अवस्थाको लाभ उठाउँदै नेपाललाई क्षेत्रीय 'ट्रान्जिट ट्रेड हब' बनाउने सम्भावना पनि स्थितिपत्रले औंल्याएको छ ।

सरकारले यातायात, ऊर्जा, सिँचाइ र डिजिटल पूर्वाधारमा तीव्र लगानी बढाउनुपर्ने निष्कर्ष निकालेको छ । सार्वजनिक-निजी साझेदारी (पीपीपी) मोडेलबाट ठुला आयोजना अघि बढाउने सम्भावना रहेको दस्ताबेजमा उल्लेख छ ।

त्यसैगरी वार्षिक रूपमा ठुलो रकम भित्र्याउने विप्रेषण (रेमिट्यान्स) लाई उपभोगमा मात्र सीमित नराखी उद्यमशीलता, सीप विकास र उत्पादन क्षेत्रमा जोड्नुपर्नेमा जोड दिइएको छ । वैदेशिक रोजगारीबाट फर्किएका श्रमिकको अनुभव र सीपलाई घरेलु उत्पादनमा उपयोग गर्ने नीति आवश्यक रहेको बताइएको छ ।

वित्तीय क्षेत्रतर्फ वित्तीय समावेशीकरण, डिजिटल बैङ्किङ, दीर्घकालीन लगानी उपकरण विस्तार गरी बचतलाई उत्पादनशील क्षेत्रमा परिचालन गर्नुपर्ने सिफारिस गरिएको छ । स्थितिपत्रमा मुलुकभित्र उपलब्ध खनिज, जल, जमिन, जङ्गल र जडीबुटीको दिगो उपयोगबाट आय, उत्पादन र रोजगारी बढाउन सकिने उल्लेख छ । जैविक तथा पर्यावरणीय सन्तुलन कायम राख्दै स्रोत उपयोग गर्ने नीति अवलम्बन गर्नुपर्नेमा जोड दिइएको छ ।

पाँच वर्षभित्र १५ हजार मेगावाट विद्युत् उत्पादन क्षमता पुऱ्याउने, राष्ट्रिय गौरवका आयोजना दुई वर्षभित्र सम्पन्न गर्ने, कृषि-उद्योग-पर्यटनबिच अन्तरसम्बन्ध बलियो बनाउने, गुणस्तरीय पर्यटन पूर्वाधार निर्माण गर्ने तथा डिजिटल अर्थतन्त्र विस्तार गर्ने आधारहरू प्रस्तुत गरिएको छ ।

कतिपय आर्थिक नीतिले अपेक्षित नतिजा नदिनुको कारण कमजोर कार्यान्वयन क्षमता, सीमित वित्तीय स्रोत, प्राथमिकता निर्धारणमा कमजोरी तथा स्रोतको कुशल विनियोजन हुन नसक्नु रहेको पनि स्थितिपत्रमा उल्लेख छ ।

## हार्दिक समवेदना



जन्म २००७/१२/२१ — निधन २०८३/०१/११

यस संस्थाका सदस्यता नं. २५०७ का सदस्य **हरिभक्त छेंगुतला**को असामयिक निधन भएकोमा भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दै शोकाकुल परिवारजनमा हार्दिक समवेदना प्रकट गर्दछ ।

**संगम बचत तथा ऋण सहकारी संस्था लि.**
ख:लाँ, भक्तपुर-४

## हार्दिक समवेदना



जन्म २०१३/१०/२१ — निधन २०८२/१२/१८

यस संस्थाका सदस्यता नं. १६०२ का सदस्य **बिसमाया लाखे**को असामयिक निधन भएकोमा भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दै शोकाकुल परिवारजनमा हार्दिक समवेदना प्रकट गर्दछ ।

**संगम बचत तथा ऋण सहकारी संस्था लि.**
ख:लाँ, भक्तपुर-४

## हार्दिक समवेदना



जन्म २००७/१२/२१ — निधन २०८२/१२/२९

यस संस्थाका सदस्यता नं. ३५३६ का सदस्य **कान्छी लोहला**को असामयिक निधन भएकोमा भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दै शोकाकुल परिवारजनमा हार्दिक समवेदना प्रकट गर्दछौं ।

**संगम बचत तथा ऋण सहकारी संस्था लि.**
ख:लाँ, भक्तपुर-४

## सिद्धि गणेश कर्नर

हरेक मङ्गलबार र शुक्रबार संस्थासम्बन्धी जानकारीका लागि पढ्ने गरौं ।

### अनिवार्य शिक्षा शिविरसम्बन्धी सूचना

यस उपसमितिको आयोजनामा देहायका मिति, समय र स्थानमा **अनिवार्य शिक्षा शिविर** सञ्चालन हुने व्यहोरा सम्बन्धित सम्पूर्णमा सूचित गराइन्छ ।

**अनिवार्य शिक्षा शिविर कार्यक्रम**
**मिति** : २०८३ वैशाख १९ गते, शनिबार
**समय** : बिहान ७:०० बजेदेखि
**स्थान** : सिद्धि गणेश तालिम हल, खँचा

शिक्षा उपसमिति

### अन्तरक्रिया कार्यक्रमसम्बन्धी सूचना

यस उपसमितिको आयोजनामा देहायका मिति, समय र स्थानमा हुने **वित्तीय साक्षरता तथा वर्तमान सहकारीसम्बन्धी अन्तरक्रिया कार्यक्रममा** सहभागी हुन इच्छुक सम्पूर्ण सदस्यहरूलाई **२०८३ वैशाख १७** गतेभित्र आफ्नो नाम दर्ता गराउन सूचित गराइन्छ ।

**कार्यक्रम**
**मिति** : २०८३ वैशाख १९ गते, शनिबार
**समय** : बिहान १०:३० बजेदेखि
**स्थान** : सिद्धि गणेश तालिम हल, खँचा

बचत उपसमिति

### गतिविधि





संस्थाको महिला तथा बालबालिका उपसमितिको आयोजनामा भएको ४५ दिने चित्रकला तालिमको शुभारम्भ कार्यक्रममा मन्तव्य राख्नुहुँदै अध्यक्ष रुद्रनारायण लाखा तथा तालिमका प्रशिक्षार्थीहरू । (वैशाख १३)

'सर्वोत्कृष्ट वित्तीय समाधानका लागि सिद्धि गणेश'
**सिद्धि गणेश बचत तथा ऋण सहकारी संस्था लि.**
भ.न.पा-७,चोर्चा,भक्तपुर, फोनः ६६१३२०१, ६६२१२०१, सेवा केन्द्र(यातुगणेश-६६१९५४०, तेखापुखु-६६२१२००), स्वास्थ्य क्लिनिक-६६२१२०५ Website : www.sgsaccos.com.np, E-mail :sgsaccos@hotmail.com
ACCESS BRONZE
Certified By ASSOCIATION OF ASIAN CONFEDERATION OF CREDIT UNIONS

## हार्दिक समवेदना



जन्म १९९४/०६/०१ — स्वर्गारोहण २०८३/०१/०९

यस वल्ड दरबार पार्टी प्यालेस एन्ड इभेन्ट म्यानेजमेन्ट प्रा.लि.मा कार्यरत कर्मचारी रोशन सुवालकी ममतामयी माता **केशरी सुवाल**को दुःखद निधन भएको आज सातौं दिन (न्हेनुमा) को पुण्यतिथिमा दिवङ्गत आत्माप्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दै शोकसन्तप्त परिवारजनमा हार्दिक समवेदना व्यक्त गर्दछ ।

**वल्ड दरबार पार्टी प्यालेस एन्ड इभेन्ट म्यानेजमेन्ट प्रा.लि.**
लिबाली-८, भक्तपुर

## हार्दिक समवेदना



जन्म २०३७/०३/०८ — स्वर्गारोहण २०८२/१२/०१

हाम्रा आत्मीय मित्र **पुण्यराम कवां**को स्वर्गारोहण भएको आज ४५ औं दिन (लत्या) को पुण्यतिथिमा दिवङ्गत आत्माप्रति भावपूर्ण श्रद्धाञ्जली अर्पणका साथ मृतआत्माको चिरशान्तिको कामनासहित हार्दिक श्रद्धाञ्जली अर्पण गर्दछौं ।

**साथीहरू**

| | | |
|---|---|---|
| विश्वराम मचामसी | शिवलक्ष्मी मचामसी | शिवराम आचार्य |
| उत्तम मचामसी | कल्पना सुवाल | कमला सापकोटा |
| हरिकृष्ण लागेजु | लक्ष्मीशोभा सुवाल | शुभद्रा आचार्य |
| बिजेश लाखा | विद्यालक्ष्मी सिंख्वाल | कमला कासुला |
| कृष्णसुन्दर दुवाल | कृष्णलक्ष्मी किसी | मिलन कुस्मा |
| समिर कुस्मा | जयलक्ष्मी शिल्पकार | पूर्णलक्ष्मी खायमली |
| राजाराम खागी | सुरेश बज्राचार्य | रत्नसुन्दर हाकुदुवाल |
| कृष्णमाया त्वायनाबासु | रामेश्वर लाखा | सोनिया राजचल |

प्रकाशक तथा कार्यकारी सम्पादकः उद्धव सुजखु★सम्पादकः विष्णुगोपाल कुसी ★ कार्यालयः कमलविनायक, भक्तपुर, फोन नं. ६६१०९२१, फ्याक्सः ६६१३२०७, E-mail: majdurdaily@gmail.com ★ विज्ञापन शाखाः ६६१९१०७/६६२०५५९, E-mail: majdurdailybigyapan@gmail.com ★ मुद्रकः सिद्धिगणेश अफसेट प्रेस, चोर्चा